# तपाईंका सहयोगी मित्र



Your Helpful Friend

CL 3030

Nepali

# तपाईंका सहयोगी मित्र

लेखकः एल. जेटर वाकर

अनुवादकः बाल कृष्ण शर्मा

पो. बक्स. नं. ४२४५ काठमाण्डौ,
आई सी आई युनिभर्सिटी नेपाल

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

मानिसहरूले यस पाठ्यपुस्तकलाई अध्ययन गर्नुका केही कारणहरूलाई यस पुस्तकको पछाड़िको पृष्ठमा शायद तपाईंले पढ्नुभयो होला। के तपाईंले पनि यस्तै कारणहरूका निम्ति अध्ययन गर्न लाग्नुभएको हो? यदि हो भने, पवित्र आत्मालाई आफ्ना मित्र र सहयोगीका रूपमा प्राप्त गर्ने मानिसहरूका बारेमा पढ़्न पाउँदा तपाईंलाई आनन्दं लाग्नेछ। यी मित्रले तपाईंका निम्ति के गर्न सक्नुहुन्छ भन्ने विषयमा तपाईंले बाइबलबाट सिक्नुहुनेछ। प्रत्येक पाठमा दिइएका सुझावहरूलाई तपाईंले व्यवहारमा प्रयोग गर्नुहुँदा, तपाईंले परमेश्वरलाई अझै राम्रोसँग चिन्नुहुनेछ र प्रभावशाली ढङ्गले उहाँको सेवा गर्न सक्नुहुनेछ।

यस पुस्तकमा प्रयोग गरिएका बाइबलका पदहरू तपाईंको बाइबलमा जस्ताको तस्तै मिलेनन् भने पनि तपाईं दङ्ग नपर्नुहोस्। बाइबलका अनुवादहरू धेरै भएका हुनाले यसो भएको हो। उद्धृत गरिएको प्रत्येक पदमा पुस्तकको नाम र अध्याय दिइएको छ। यसरी बाइबलमा भेट्टाउन सजिलो पर्छ। कहिलेकहीँ पदको केही अंशलाई मात्र पनि उद्धृत गरिएको छ।

तपाईंका सहयोगी मित्र भनिने यो पाठ्यपुस्तक पाकेट साइजको भएको हुनाले तपाईं जहाँ जानुहुँदा पनि यसलाई लान सक्नुहुन्छ र पाँच-दश मिनेट फुर्सत पाएको बेलामा यसलाई अध्ययन गर्न सक्नुहुन्छ। प्रत्येक हप्ता कम-से-कम एउटा पाठ सिध्याउने कोशिश गर्नुहोस्।

पाठहरूलाई सजिलो र चाखलाग्दो तुल्याउने स्वयम्-अध्ययनका आधुनिक प्रणालीको प्रयोगबाट तपाईं आनन्दित बन्न सक्नुहुनेछ। तपाईंले अध्ययन गर्नुहुने विषयहरूको रूपरेखा प्रत्येक पाठको शुरूमा नै दिइएको छ। पाठको निम्ति आफ्नो मनलाई तयारी पार्न यसलाई ध्यानपूर्वक पढ्नुहोस्। तब त्यसभन्दा तलको मनन् गर्ने खण्डलाई हेर्नुहोस्। यसका सत्यताहरूलाई आफ्नो जीवनमा प्रयोग गर्ने कोशिश गर्नुहोस्। त्यसपछि खण्ड-खण्ड गरी पाठलाई अध्ययन गर्नुहोस् र तपाईंको अभ्यासको निम्ति भनिने शीर्षक अन्तरगत भएका निर्देशनहरूलाई पालन गर्नुहोस्।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति यस पाठ्यपुस्तकलाई अध्ययन गरिरहनुभएको छ भने तपाईंका सहयोगी मित्रः विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका भनिने छुट्टै पुस्तिका प्राप्त गर्नुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन् र प्रत्येकमा छुट्टाछुट्टै उत्तर पृष्ठ राखिएको छ। प्रत्येक खण्डलाई तपाईंले कहिले पूरा गर्नुपर्छ भन्ने सम्बन्धमा तपाईंको पाठ्यपुस्तकले बताउनेछ।

तपाईंको आफ्नो क्षेत्रको आई सी आई कार्यालयमा उत्तर पृष्ठ पठाउनुहुँदा विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंले उत्तर पृष्ठ हामीकहाँ पठाउनुभएपछि त्यसलाई जाँचे एक सुन्दर प्रमाणपत्र पठाउनेछौं। यस एकाइका अन्य पाठ्यक्रमहरू तपाईंले अध्ययन गरेर प्रमाणपत्र प्राप्त गरिसक्नुभएको छ भने तपाईंले छाप प्राप्त गर्नुहुनेछ।

पाठ १

# पवित्र आत्मा तपाईंका मित्र हुनुहुन्छ

**यस पाठमा तपाईंले यी विषयहरू अध्ययन गर्नुहुनेछ . . .**

- उहाँ विशेष मित्र हुनुहुन्छ
- उहाँले तपाईंलाई सहायता गर्नुहुनेछ
- उहाँले तपाईंलाई सिकाउनुहुनेछ
- परमेश्वर साँचो हुनुहुन्छ भनी उहाँले तपाईंलाई देखाउनुहुनेछ
- उहाँले तपाईंको जीवनलाई प्रेमले भर्नुहुनेछ

## ध्यान (मनन्)

संसारको इतिहासमा पवित्र आत्मा र उहाँको कामको बारेमा मानिसहरूले पहिलेको भन्दा आज धेरै कुराकानीहरू गरिराखेका छन्। उहाँ एक प्रभाव मात्र होइन तर व्यक्ति हुनुहुन्छ भनी तिनीहरूले पत्ता लगाएका छन्। उहाँले हजारौं प्रोटेस्टेन्ट र क्याथोलिक एकलेसिया (चर्च)-हरूमा नयाँ जीवन र शक्ति ल्याउनुभएको छ। "आत्मामा भरिनु" भन्ने सम्बन्धमा शुरूका ख्रीष्टियानहरूले भनेका कुराहरूलाई करोड़ौं व्यक्तिहरूले आज पत्ता लगाइराखेका छन्। *पेन्टिकस्टल इभान्जलका सम्पादक* रवर्ट सी. कुनिङ्हाम यसरी लेख्छन्ः

हामीले आदरसाथ गाउने भजनहरूमध्ये एउटा भजनचाहिँ "परमेश्वरले भरिनु" हो। परमेश्वरले भरिनु भनेको के हो? डरले भरिनु, डाह र रीसले भरिनु भन्ने कुरा हामीलाई थाहै छ, के हामीलाई थाहा छैन र! यसको अर्थ यही नै हुन्छ कि शरीरका सबै अङ्गहरू यस्ता खालका डरलाग्दा तत्वहरूले अधीन गरिएका हुन्छन्। यी डरलाग्दा तत्वहरूले अधीन गरिएको व्यक्तिले आफ्ना कामद्वारा ती कुराहरूलाई प्रकट गर्छ।

तब यहाँ पेन्तिकोसको वास्तविक महिमा छ। पवित्र आत्मा परमेश्वर मानिसहरूका जीवन र शरीरमा यति शक्तिशाली रूपले आउनुहुन्छ कि तिनीहरू उहाँको उपस्थितिले भरिएका हुन्छन्। परमेश्वरका आत्माले प्रत्येक बनावटलाई शासन गर्नुहुन्छ, प्रत्येक शक्तिलाई अधीन गर्नुहुन्छ र उहाँ आफैले चाहेअनुसार सबै बललाई प्रयोग गर्नुहुन्छ। परमप्रभु तुरुन्तै आउनुभएर आफ्नो मन्दिरलाई भर्नुहुन्छ! मानव-प्राणीहरू परमेश्वरका मन्दिर बन्छन्– यसलाई विचार गर्नुहोस्! वर्णन नै गर्न नसकिने परमेश्वरमा* भरिने घटनालाई हामी फेरि सिक्न सकौं।

*पेन्टिकस्टल इभान्जल
अक्टोबर १४, १९७३

**उहाँ विशेष मित्र हुनुहुन्छ**

उनको सफलताको रहस्य के हो भनी एक प्रख्यात व्यक्तिलाई प्रश्न गरियो। उनले जवाफ दिए, "मेरा एक मित्र थिए।" आफ्ना मित्रको सहायताविना आफ्नो जीवन पूरै नै असफल हुनेथियो भनी उनी सबैलाई अवगत गराउन चाहन्थे। उनका मित्रले उनलाई सहायता गरेका थिए, उत्साह दिएका थिए र उनीसँगै उभिएका थिए। उनका मित्रले उनलाई प्रेम गरे, उनमा विश्वास गरे र उनको जीवनलाई मूल्यको ठानेका थिए। के

तपाईंसँग पनि यस्तै खालका मित्र छन् त? तपाईंलाई एउटा यस्तो मित्र चाहिन्छ।



कस्ता किसिमका मित्र तपाईं चाहनुहुन्छ? तपाईंलाई प्रेम गर्ने, तपाईं र तपाईंका समस्याहरूका बारेमा वास्ता गर्ने र तपाईंको आनन्दमा आनन्दित हुने मित्र तपाईंलाई चाहिएको छ। तपाईंसँग खुला व्यवहार गर्ने, तपाईंलाई दुःखै लागे पनि सत्य कुरा तपाईंसँग बोल्न, र तपाईंलाई अझै सहायता पुऱ्याउनको निम्ति दया देखाएर तपाईंका भूलहरू भनिदिने मित्र तपाईंलाई चाहिएको छ।

आफ्ना मित्र आफूभन्दा बुद्धिमान्, बलियो र अझै उत्तम भएका तपाईं चाहनुहुन्छ होला। तब दिनदिनै उहाँले तपाईंलाई सिकाउनुहुन्छ र सहायता गर्नुहुन्छ। उहाँले तपाईंका प्रश्नहरूका जवाफ दिनुहुन्छ। तपाईंका सबै समस्याहरूमा उहाँले सहायता गर्नुहुन्छ। जति धेरै समय तपाईं आफ्ना मित्रसँग बिताउनुहुन्छ, तपाईं त्यत्ति नै उहाँजस्तै बन्नुहुन्छ– बलियो, बुद्धिमान् र अहिलेको भन्दा अझै असल।

पत्रस, याकूब, योआनेस र अन्य चेलाहरूका निम्ति येशू ख्रीष्ट पनि यस्तै खालका मित्र हुनुहुन्थ्यो। उहाँ रोगीहरूका मित्र हुनुहुन्थ्यो र उहाँले तिनीहरूका रोगहरूलाई निको पार्नुभयो।




उहाँ पापीहरूका मित्र हुनुहुन्थ्यो। उहाँले तिनीहरूका पापहरूलाई क्षमा गर्नुभयो र तिनीहरूलाई शुद्ध नयाँ जीवन दिनुभयो। उहाँको मित्रता चाहने सबैका निम्ति उहाँ मित्र हुनुहुन्थ्यो। कुनै पनि जाति वा राज्यका धनी वा गरीब, पापी वा सन्त, अशिक्षित वा शिक्षित। उहाँले तिनीहरूलाई गहन, गहीरो र निस्स्वार्थी प्रेम अर्थात् परमेश्वरको प्रेम दिनुभयो, जुन प्रेमलाई तिनीहरूले पहिले कहिल्यै अनुभव गरेका थिएनन्। उहाँले तिनीहरूलाई सत्यता सिकाउनुभयो। तिनीहरूका सबै समस्याहरूमा उहाँले तिनीहरूलाई सहायता गर्नुभयो।

तर मानवीय शरीरको कारणले येशू सीमित हुनुहुन्थ्यो। एक पल्टमा उहाँ एकै ठाउँमा मात्र हुन सक्नुहुन्थ्यो। उहाँको खाँचो पर्ने आफ्ना सबै मित्रहरूकहाँ उहाँ हुन सक्नुभएन। यसैले येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि उहाँ स्वर्ग गएर सबै समयमा र तिनीहरू जहाँ भए पनि तिनीहरूसँग हुनको लागि उहाँले अर्का मित्र र सहयोगी तिनीहरूका निम्ति पठाउनुहुनेछ।

> **योआनेस १४:१६-१७**– पितासँग म बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई नता देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ।

येशूले पठाउँछु भनी प्रतिज्ञा गर्नुभएका सहयोगी त्रित्वका तेस्रो व्यक्ति पवित्र आत्मा हुनुहुन्छ। उहाँ आफ्नो स्वभाव, शक्ति र उद्देश्यमा परमेश्वर पिता र पुत्र येशू ख्रीष्टजस्तै हुनुहुन्छ। उहाँलाई सबै कुराहरू थाहा छ।



उहाँसँग सबै शक्ति छ। उहाँसँग शरीर छैन, तर सबै ठाउँमा एकै पल्ट हुन सक्नुहुन्छ। आफूले प्रतिज्ञा गर्नुभएअनुसार नै येशूले पवित्र आत्मा पठाउनुभयो, र यसरी उहाँलाई ग्रहण गर्नेहरूसँग उहाँ रहनुहुन्छ। येशूले आफ्ना चेलाहरूका निम्ति जे गर्नुभयो, तपाईंको निम्ति त्यही गर्नलाई नै पवित्र आत्मा आउनुभयो।

> **योआनेस १६:७**– म जानमा नै तिमीहरूको हित छ, किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु।



तपाईंलाई कसैले पनि बुझिदिँदैन र तपाईंका समस्याहरूका बारेमा कसैले पनि वास्ता गर्दैन जस्तो के तपाईंलाई लाग्छ? परमेश्वरले तपाईंको वास्ता गर्नुहुन्छ। तपाईंलाई आवश्यक परेको कुरा उहाँलाई थाहा छ। उहाँले तपाईंलाई यति धेरै प्रेम गर्नुभएको छ, कि तपाईंका विशेष मित्र र सहयोगी हुनका निम्ति उहाँले आफ्ना पवित्र आत्मा पठाउनुभएको छ। पवित्र आत्मा कसरी आउनुभयो, शुरूका ख्रीष्टियानहरूका निम्ति उहाँले के गर्नुभयो र तपाईंको निम्ति उहाँले के गर्नुहुन्छ भन्ने बारेमा तपाईंले यस पाठ्यपुस्तकमा अध्ययन गर्नुहुनेछ। पवित्र आत्मा तपाईंका मित्र हुनुभएपछि तपाईंले कहिल्यै पनि एकलोपन र बेसहाराको अनुभव गर्नुपर्दैन।

### तपाईंको अभ्यासको निम्ति . . .

१. येशूले मानिसहरूका निम्ति के गर्नुभयो र पवित्र आत्माले तपाईंको निम्ति के गर्नुहुनेछ भन्ने विषयमा विचार गर्नुहोस्।

२. योआनेस १४:१६-१७ कण्ठ गर्नुहोस्।

## उहाँले तपाईंलाई सहायता गर्नुहुनेछ

येशूले अर्को सहयोगी (सल्लाहकार) पठाउने प्रतिज्ञा गर्नुभयो। उहाँले प्रयोग गर्नुभएको ग्रीक शब्द पाराकेलेट हो जसको अर्थ सल्लाहकार हुन्छ। यसको अर्थ "सहायता गर्नको निम्ति सँगै उभिएको व्यक्ति" हो। पाराकेलेट अन्य शीर्षकहरूले उहाँका शक्ति र जिम्मेवारी के-के छन् र उहाँले तपाईंलाई कसरी सहायता गर्नुहुन्छ भनी तपाईंलाई देखाउँछन्। उहाँलाई जीवनका आत्मा, पवित्र आत्मा, सत्यका आत्मा, बुद्धिका आत्मा, ख्रीष्टका आत्मा र परमेश्वरका आत्मा भनिन्छ। तपाईंका समस्याहरू जेजस्ता भए तापनि तपाईंका सल्लाहकारसँग यसको समाधान छ।

**जीवनका आत्मा**

के तपाईंको शरीरको निम्ति चङ्गाइको आवश्यकता छ? संसारका विभिन्न भागका रोगी मानिसहरू प्रार्थनाको उत्तरमा आज पनि आश्चर्य किसिमले निको भइरहेका छन्। बहिरा,



कानहरूले फेरि सुन्छन्। अन्धा आँखाहरू देख्छन्। कुँजा भएका मानिसहरू पवित्र आत्माको शक्तिद्वारा हिँड्छन्। उहाँ जीवनका आत्मा हुनुहुन्छ र उहाँले नै सबै जीवित प्राणीहरूलाई जीवन दिनुहुन्छ। रोगीहरूलाई निको पार्न उहाँले येशूद्वारा काम गर्नुभयो र उहाँले अझै पनि यही काम गर्नुहुन्छ।

जीवनका आत्माले तपाईंको शरीर र प्राणमा कसरी जीवन र स्वास्थ्य दिनुहुन्छ भन्ने विषयमा तपाईंले अर्को पाठमा अध्ययन गर्नुहुनेछ। पृथ्वीमा आनन्दित र तृप्त जीवन र आउने संसारमा महिमित र आनन्दित जीवन पवित्र आत्माले हामीलाई दिनुहुन्छ। तर पवित्र आत्माले दिनुहुने जीवनमा आनन्दित हुनको निम्ति तपाईंले उहाँलाई अगुवाइ गर्न दिनुपर्छ।

> **रोमी ८:५-६**, किनभने पाप-स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। किनभने, पाप-स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो।

### तपाईंको अभ्यासको निम्ति . . .

३. पवित्र आत्माका सात उपाधि (शीर्षक)-हरू सिक्नुहोस्।

४. के तपाईं पवित्र आत्मा आफ्ना मित्र वा सहयोगी हुनुभएको चाहनुहुन्छ? ........................................

५. के तपाईं पवित्र आत्मालाई अझै चिन्न चाहनुहुन्छ?

........................................................................

६. रोमी ८:५-६-लाई पाँच पल्ट पढ्नुहोस्।

## पवित्र आत्मा

ठीक किसिमको जीवन जिउन के तपाईंलाई कठिन परिराखेको छ?

के तपाईं अझै असल ख्रीष्टियान हुन चाहनुहुन्छ? तपाईंका सहयोगी पवित्र आत्मा वा पवित्रताका आत्मा हुनुहुन्छ। पवित्रताको

अर्थ "पापबाट छुटचाइएको र परमेश्वरमा दिइएको" हुन्छ। हाम्रा पापहरू कति डरलाग्दा छन् भनी पवित्र आत्माले हामीलाई देखाउनुहुन्छ र तिनीहरूबाट छुटकारा पाउनलाई उहाँले हामीलाई सहायता गर्नुहुन्छ। हाम्रो जीवनमा हामीले उहाँलाई स्थान दियौं भने उहाँले हामीलाई परमेश्वरको नजीक डोऱ्याउनुहुन्छ र घमण्ड, स्वार्थ, कठोरता, रीस, संकोच, घृणा, क्रोध, अल्छीपना, स्वदुःख, विद्रोह, लोभ र खराब विचारहरू वा कामहरू जस्ता पापहरूबाट टाढ़ा राख्नुहुन्छ।

हुन सक्छ कुनै-कुनै खराब बानीहरूबाट छुटकारा पाउनको निम्ति तपाईंलाई सहायताको आवश्यकता पर्छ होला। यदि तपाईं ख्रीष्टियान हुनुहुन्छ भने, तपाईंको शरीरचाहिँ पवित्र आत्माको मन्दिर हो। तपाईंको शरीरलाई हानि पुऱ्याउने जुनसुकै बानीहरूबाट पनि छुटकारा दिनको निम्ति उहाँले तपाईंलाई सहायता गर्नुहुन्छ। लागू पदार्थको सेवन गर्ने हजारौं व्यक्तिहरूलाई पवित्र आत्माले स्वतन्त्र तुल्याउनुभएको छ। औषधी-विज्ञान र



सामाजिक कार्यकर्ताहरूले केही समयको लागि मात्र तिनीहरूलाई छुटकारा दिन सक्छन्। खराब बानीलाई छुटाउने अन्तिम प्रयासमा तिनीहरू सहायताको निम्ति परमेश्वरमा फर्कन्छन्। प्रभु येशूलाई तिनीहरूले आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरिराखेपछि परमेश्वरको निम्ति जिउनलाई पवित्र आत्माको भरपूरी र शक्तिको लागि तिनीहरूले प्रार्थना गर्छन्। पवित्र आत्माले तिनी-हरूलाई भर्नुभएपछि तिनीहरूले लागू पदार्थको सेवनको बानीबाट छुटकारा पाए। उहाँले तिनीहरूलाई परमेश्वरको प्रेम र अरूहरू-लाई सहायता गर्ने इच्छाले भर्नुभयो। अहिले धेरै जनाले सुसमाचार प्रचार गर्ने काम गरिरहेका छन्। तिनीहरूमा हुनुभएका पवित्रताका आत्माका कारणले नै तिनीहरूका जीवन शुद्ध भएका हुन्।

**१ पत्रस १:२**–पवित्र आत्माद्वारा शुद्ध भई परमेश्वर पिताको आफ्नै उद्देश्यको निम्ति तिमीहरू चुनिएका हौ।

### तपाईंको अभ्यासको निम्ति . . .

७. के तपाईंको जीवनमा कुनै पापहरू वा खराब बानीहरू छन्? के पवित्र आत्माले तिनीहरूबाट आफूलाई छुटकारा दिएको तपाईं चाहनुहुन्छ? तपाईं आफूलाई र उहाँलाई हेर्नको निम्ति तिनीहरूलाई लेख्नुहोस्। यी कुराहरूमा तपाईंलाई अधीन र छुटकारा गर्नको निम्ति उहाँसँग प्रार्थना गर्नुहोस्।

## उहाँले तपाईंलाई सिकाउनुहुनेछ

**सत्यताका आत्मा**

जसरी येशूले आफ्ना चेलाहरूलाई सत्यता सिकाउनुभयो र तिनीहरूका प्रश्नहरूका जवाफ दिनुभयो, पवित्र आत्माले पनि



तपाईंलाई सिकाउनुहुनेछ। परमेश्वरको सम्बन्धमा भएका तपाईंका प्रश्नहरूका उत्तर उहाँले दिनुहुनेछ। उहाँले जीवनको उद्देश्य तपाईंलाई देखाउनुहुनेछ। बाइबल बुझ्नको निम्ति उहाँले तपाईंलाई सहायता गर्नुहुनेछ। तपाईंलाई अचम्म लागेका कुराहरू तुरुन्तै स्पष्ट हुनेछन्। येशूले भन्नुभयोः

**योआनेस १६:१३**– जब सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ।

बाइबल कलेजका केही विद्यार्थीहरूले भर्खरै मात्र पवित्र आत्माको भरपूरी प्राप्त गरे। तिनीहरूका निम्ति बाइबलका



सत्यताहरू एक्कासि "जीवित" भएर आए। तिनीहरूले आत्मिक कुराहरूलाई नयाँ किसिमले बुझेकोमा तिनीहरूका शिक्षकहरूलाई अचम्म लाग्यो। सत्यका आत्मा आउनुभएको थियो।

**तपाईंको अभ्यासको निम्ति . . .**

८. योआनेस १६:१३-लाई कण्ठ गर्नुहोस्।

९. सत्यका आत्माले तपाईंलाई सिकाउनुभएको के तपाईं चाहनुहुन्छ?

**बुद्धिका आत्मा**

तपाईंले के गर्नैपर्छ, वा आफ्ना समस्याहरूको समाधान कसरी गर्नुपर्छ भन्ने विषयमा के तपाईं कहिल्यै अचम्ममा पर्नुभएको छ? तपाईंलाई सहायता पुऱ्याउनको निम्ति बुद्धिका आत्मा आउनुभएको छ। तपाईंको निम्ति जे कुरा उत्तम छ सो उहाँले तपाईंलाई देखाउनुहुन्छ र त्यसतर्फ डोऱ्याउनुहुन्छ। उहाँले यो कसरी गर्नुहुन्छ भन्ने बारेमा तपाईंले पाठ ४-मा अध्ययन गर्नुहुनेछ।

परमेश्वरको निम्ति काम गर्न के तपाईंलाई बुद्धि चाहिन्छ? आफूलाई दिइएको काम ठीक किसिमले गर्नको निम्ति डिकनहरू पनि पवित्र आत्माले भरिएका हुनुपर्थ्यो भन्ने कुरा हामी प्रेरितहरूको



पुस्तकमा देख्छौं। तपाईं बाल-सङ्गति (सण्डे-स्कूल)-मा सिकाउनुहुन्छ होला, व्यक्तिगत सुसमाचार प्रचार गर्नुहुन्छ होला वा वचन बाँड्नुहुन्छ होला। शुरूको मण्डली (एकलेसिया)-का सेवकहरूलाई गर्नुभएझैं बुद्धिका आत्माले तपाईंलाई भर्न र सहायता गर्न चाहनुहुन्छ।

> **प्रेरित ६:१०**– तिनी जुन बुद्धिले र आत्माद्वारा बोल्थे, तिनीहरूले त्यसको सामना गर्न सकेनन्।

**तपाईंको अभ्यासको निम्ति . . .**

१० के तपाईं बुद्धिका आत्माले भरिनु आवश्यक छ?

## परमेश्वर साँचो हुनुहुन्छ भनी उहाँले तपाईंलाई देखाउनुहुनेछ

### परमेश्वरका आत्मा

के परमेश्वर साँचो हुनुहुन्छजस्तो तपाईंलाई लाग्छ? के ठूलो संकष्टको समयमा मात्र उहाँलाई पुकारा गर्न सक्ने गरी उहाँ




टाढ़ा रहने शासक पो हुनुहुन्छ कि? वा तपाईंको जीवनका हरेक कुराहरूमा वास्ता गर्ने प्रेमी स्वर्गीय पिता उहाँ हुनुहुन्छ? के तपाईंले आफ्ना कर्तव्यहरू पूरा गर्नको लागि मात्र प्रार्थनामा आवाजहरू निकाल्नुभएको छ?

वा आफ्ना पितासँग खुल्लमखुला कुराकानी गर्नुहुन्छ। तपाईंलाई अझै राम्रोसँग परमेश्वर चिनाउनको निम्ति परमेश्वरका आत्मा आउनुभएको छ।

> **१ कोरिन्थी २:१०-१२**– परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा आफ्नो रहस्य प्रकट गर्नुभएको छ। किनभने पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ. . . परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन. . . परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं।

एफिससमा भएका ख्रीष्टियानहरूका निम्ति पौलसले जसरी प्रार्थना गरे त्यसै गरी तपाईंका शिक्षकले पनि तपाईंका निम्ति प्रार्थना गरिदिनुहुनेछ

> **एफिसी १:१६-१९**– म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा दिऊन्। म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयको आँखा उज्यालो होस् र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक। अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक।



**तपाईंको अभ्यासको निम्ति . . .**

११ एफिसी १:१६-१९-लाई पाँच पल्ट पढ्नुहोस्। तपाईंको निम्ति र अरूहरूका निम्ति यसलाई आफ्नै प्रार्थना बनाउनुहोस्।।

### ख्रीष्टका आत्मा

पवित्र आत्मा अर्थात् ख्रीष्टका आत्माले तपाईंलाई उद्धार गर्नुभएपछि येशूलाई तपाईंको जीवनमा वास्तविक बनाउनुभएको छ। उहाँले तपाईंलाई यो कुरा पनि थाहा दिनुभयो कि येशू धेरै वर्ष पहिले रहनुभएको महान् गुरुभन्दा पनि अझै धेरै हुनुहुन्छ। उहाँले परमेश्वरका पुत्र येशू ख्रीष्टसँग तपाईंलाई व्यक्तिगत रूपमा परिचित गर्नुभयो र येशूलाई तपाईंका आफ्ना मुक्तिदाता, प्रभु र राजाको रूपमा ग्रहण गर्न सहायता गर्नुभयो। उहाँले तपाईंलाई ख्रीष्टकहाँ मिलाउनुभयो र तपाईंलाई ख्रीष्टको शरीर अर्थात् मण्डली (एकलेसिया)-को शिर बनाउनुभयो। यो सम्बन्ध यति सत्य छ कि आफ्ना आत्माद्वारा ख्रीष्ट तपाईंमा वास गर्नुहुन्छ।

**रोमी ८:९**– कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन।

पेन्तिकोसको दिनभन्दा पहिले पनि येशूका चेलाहरूसँग पवित्र आत्मा हुनुहुन्थ्यो, तर पवित्र आत्मा नयाँ किसिमले आउनुभई तिनीहरूलाई भर्नुहुनेछ भनी येशूले प्रतिज्ञा गर्नुभएको थियो। येशू आफैले नै तिनीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ। जब येशूले तिनीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुभयो, पवित्र आत्माले येशूको बारेमा तिनीहरूलाई धेरै कुरा



सिकाउनुभयो र ख्रीष्टको बारेमा अरूहरूलाई बताउन तिनीहरूलाई शक्ति दिनुभयो।

यसरी नै आज पनि नयाँ गरी जन्मेका सबैसँग ख्रीष्टका आत्मा हुनुहुन्छ। तर आफ्नो निम्ति अझै शक्तिशाली साक्षी बन्न सकून् भनी येशू तिनीहरूलाई आफ्ना आत्मामा बप्तिस्मा दिन चाहनुहुन्छ। यस बारेमा तपाईं पछि अध्ययन गर्नुहुनेछ।

> **योआनेस १५:२६; १६:१४**– जब सल्लाहकार अर्थात् सत्यका आत्मा पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ। उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ।

### तपाईंको अभ्यासको निम्ति . . .

१२ के पवित्र आत्माले येशूलाई तपाईंको निम्ति अझै वास्तविक तुल्याउनुभएको तपाईं चाहनुहुन्छ? यदि चाहनुहुन्छ भने, यसो गर्नुहोस् भनी उहाँसँग बिन्ती गर्नुहोस्।

## उहाँले तपाईंको जीवनलाई प्रेमले भर्नुहुनेछ

आज हाम्रो संसारको निम्ति आवश्यक भएको सबैभन्दा महत्त्वपूर्ण कुरा निस्स्वार्थी प्रेम हो, र यस्तो प्रेम केवल परमेश्वरले मात्र दिन सक्नुहुन्छ। आफूलाई यस्तो किसिमको प्रेमले भर्नको निम्ति यदि तपाईंले पवित्र आत्मालाई स्थान दिनुभयो भने त्यो खाँचो पूरा गर्नको लागि सहायता गर्न पवित्र आत्माले तपाईंलाई प्रयोग गर्नुहुनेछ।

पुरानो करारका समयहरूमा परमेश्वर अगमवक्ताहरूसँग बोल्नुभयो र तिनीहरूलाई आफ्नो प्रेम प्रकट गर्नुभयो।

तिनीहरूले मानिसहरूलाई उहाँको प्रेमको बारेमा बताए। तर धेरै मानिसहरूले परमेश्वरलाई कड़ा न्यायाधीश र तिनीहरूलाई तिनीहरूका पापका दण्ड दिन तयार हुनुभएका व्यक्तिका रूपमा मात्र विचार गरे। उहाँले तिनीहरूलाई तिनीहरूका पापबाट उद्धार गर्नुहुन्छ र उहाँ तिनीहरूका पिता हुनुहुन्छ भन्ने कुरा मानिसहरूले बुझेनन्।

अन्तमा परमेश्वरले मानिसहरूका बीचमा रहन र परमेश्वर कस्ता हुनुहुन्छ भनी तिनीहरूलाई देखाउन आफ्ना पुत्र येशू ख्रीष्टलाई पठाउनुभयो। सम्पूर्ण मानव-जातिको निम्ति भएको परमेश्वरको अचम्मको प्रेमको बारेमा तपाईं येशूका शिक्षाहरूमा सिक्नुहुन्छ। येशूको जीवनमा यस प्रेमलाई कार्यमा लगाइएको तपाईं देख्नुहुन्छ। तपाईंको निम्ति भएको उहाँको मृत्यु र पुनरुत्थानमा तपाईंले परमेश्वरको प्रमाणलाई देख्नुहुन्छ।

तर २,००० वर्ष पहिले भएको घटना धेरै टाढ़ाको जस्तो देखिन्छ। भोकमारी, हत्या, अपराध र लड़ाइँका समस्याहरूलाई आज सामना गर्दा के परमेश्वरले साँचो वास्ता गर्नुहुन्छ त भन्ने प्रश्न उठ्छ। हामीले व्यक्तिगत रूपमा उहाँलाई भेट्नुपर्छ र उहाँले हामीलाई प्रेम गर्नु नै हुन्छ भनी हामी आफैले पत्ता लगाउनुपर्छ।

तपाईंलाई परमेश्वरसँगको व्यक्तिगत सम्बन्धमा जोड्नको निम्ति पवित्र आत्मा आउनुभएको छ। पिताको प्रेम प्रकट गर्नलाई जसरी येशू आउनुभयो, पवित्र आत्मा पनि पिता र पुत्रको प्रेम प्रकट गर्नको लागि आउनुभएको छ। तपाईंले वर्णन नै गर्न नसकिने किसिमको प्रेम उहाँले तपाईंको जीवनमा खन्याउनुहुनेछ। तपाईंको जीवन परिवर्तन भएपछि उहाँले यसो गर्नुहुन्छ। तपाईंले पवित्र आत्माको बप्तिस्मा पाउनुभएपछि परमेश्वरको प्रेमलाई अझै गहिरोसँग बुझ्न सक्नुहुन्छ। तपाईं

१६ यदि पवित्र आत्माले हामीलाई सहायता गर्नुभएको हामी चाहन्छौं भने, हामीले उठाउनुपर्ने पहिलो कदमचाहिँ हाम्रो आवश्यकतालाई महसूस गर्नु हो। तपाईंलाई कुन कुराको साँचो आवश्यकता छ पवित्र आत्माका नाउँका शीर्षकहरूका अगाड़ि आ लेख्नुहोस् (सहयोगीबाट सहायता इत्यादि)।

| | | | |
|---|---|---|---|
| सहयोगी | .......... | सत्यका आत्मा | .......... |
| सल्लाहकार | .......... | ख्रीष्टका आत्मा | .......... |
| परमेश्वरका आत्मा | .......... | बुद्धिका आत्मा | .......... |
| जीवनका आत्मा | .......... | पवित्रताका आत्मा | .......... |

जहाँ-जहाँ तपाईंले पवित्र आत्माको सहायताको अनुभव गरिसक्नुभएको छ, ती शीर्षकहरूका अगाड़ि अ (अनुभव) लेख्नुहोस्। पवित्र आत्माले तपाईंका निम्ति जे गरिसक्नुभएको छ, अब उहाँलाई धन्यवाद दिनुहोस्। जुन-जुन ठाउँमा तपाईंले आ लेख्नुभएको छ ती आवश्यकताहरूका निम्ति प्रार्थना गर्नुहोस्। यी आवश्यकताहरूलाई एउटा छुट्टै कागजमा लेखेर आफ्नो बाइबलमा राखी प्रार्थना गर्न चाहनुहुन्छ भने त्यो पनि राम्रो हो, यसरी उत्तर पाएका प्रार्थनाहरूका निम्ति तपाईं परमेश्वरलाई धन्यवाद चढ़ाउन सक्नुहुन्छ।

पाठ २

# पवित्र आत्माले तपाईंलाई जीवन दिनुहुन्छ

**यस पाठमा तपाईंले यी विषयहरू अध्ययन गर्नुहुनेछ. . .**

- तपाईंको शरीरको निम्ति जीवन र स्वास्थ्य
- तपाईंको आत्माको निम्ति जीवन र स्वास्थ्य
- उद्देश्यसहितको जीवन

## ध्यान (मनन्)

परमेश्वरका विचारहरूलाई *विचार गर्नको निम्ति* हामीलाई *योग्य बनाउन* पवित्र आत्मा आउनुभएको छ। हाम्रो स्वाभाविक विचार स्वार्थी हुन्छ; ईश्वरीय योजनाले स्वार्थ त्याग गर्न लगाउँछ। हामीहरू आफ्नै बारेमा विचार गर्छौं, परमेश्वर अरूहरूका बारेमा विचार गर्नुहुन्छ। मानिसका विचारहरूलाई परमेश्वरका विचारहरूजस्तै बनाउनको लागि केही घटना हुनैपर्छ। पवित्र आत्माको आगमनले यो उद्देश्यलाई पूरा गरेको छ।

परमेश्वरका भावनाहरूमा *भाग लिनको निम्ति* हामीलाई *योग्य बनाउन* पवित्र आत्मा आउनुभएको छ। परमेश्वरका भावनाहरूमध्ये प्रेम पनि एक भावना हो। नाश भइसकेकाहरूका निम्ति वेदना, बल र समयको बलिदान, पतन भएकाहरूका निम्ति रुने र प्रार्थना गर्ने कुरा मानिसमा छैन। परमेश्वरका आत्माले मात्र त्यो प्रेम हामीमा राख्न सक्नुहुन्छ।

परमेश्वरका इच्छाअनुसारका *प्रार्थनाहरू गर्नको निम्ति* हामीलाई सक्षम बनाउन र जुन कुरा हामीले प्राप्त गरेको परमेश्वर चाहनुहुन्छ सो प्राप्त गर्नको लागि हामीलाई *बल दिन* पवित्र आत्मा आउनुभएको छ। हामीले के कुरा माग्नुपर्ने हो सो हामीलाई थाहा छैन र हामी आफैलाई परमेश्वरमा प्रस्तुत गर्नको निम्ति पनि हामीमा योग्यता छैन। यसरी आत्माले हाम्रो कमजोरीलाई सहायता पुऱ्याउनुहुन्छ। यहाँ *ग्लोस्सोलालिया* (अन्यभाषाहरूमा बोल्ने)-को कम-से-कम एक महत्त्वपूर्ण रूपलाई प्रकट गरिएको छ। "पवित्र आत्मामा प्रार्थना गरेर" हामी आफैलाई निर्माण गर्नुपर्छ भनी यहूदाले अर्ती दिएका छन्। मानवीय समझलाई उछिन्नु, पवित्र आत्मामा प्रार्थना गर्नु र मध्यस्थको प्रार्थनामा परमेश्वरसँगको जीवित्र सम्बन्धमा रहेर महा-पवित्रस्थानमा प्रवेश गर्नु हाम्रो निम्ति कति ठूलो आशिष्‌को अवसर हो।

परमेश्वरको *काम गर्नको निम्ति* हामीलाई *सक्षम* तुल्याउन पवित्र आत्मा आउनुभएको छ। परमेश्वरको उपायलाई यसरी घोषणा गरिएको थियो, "नत बलले न शक्तिले तर मेरा आत्माले, सेनाहरूका परमप्रभु भन्नुहुन्छ।"

"आत्मा किन आउनुभयो"
१९७०, मेलविन एल. हज

## तपाईंको शरीरको निम्ति जीवन र स्वास्थ्य

### जीवनका आत्माबाट जीवन

संसारमा भएका सबै चाँदी र सुनहरूभन्दा पनि अझ धेरै मूल्यवान् थोक तपाईंले आत्मबाट प्राप्त गर्नुभएको छ। त्यो बहुमूल्य थोकचाहिँ जीवन हो। पवित्र आत्माका दुइवटा शीर्षकहरू *परमेश्वरका आत्मा* र *जीवनका आत्मा* हुन्। परमेश्वर



पिता र प्रभु येशू ख्रीष्टसँगै उहाँले पनि संसारको सृष्टिमा भाग लिनुभएको छ। जीवनका आत्माले यस पृथ्वीमा जीवन ल्याउनुभएको छ। जीवन दिने उहाँको शक्ति नै प्राकृतिक नियमलाई काममा लगाउने शक्ति हो। तपाईंका मित्र, जीवनका आत्माले यी प्राकृतिक नियम अर्थात् जीवन र जन्मका आश्चर्यकर्मद्वारा काम गरेर तपाईंलाई यस संसारमा ल्याउनुभएको छ।

> **अय्यूब ३३:४**– परमेश्‍वरका आत्माले मलाई सृजनुभयो, र सर्वशक्तिमान्‌को सासले मलाई जीवन दियो।

**तपाईंको अभ्यासको निम्ति . . .**

१. अय्यूब ३३:४-लाई कण्ठ गर्नुहोस्।

२. यस खण्डमा उल्लेख गरिएका पवित्र आत्माका दुइ शीर्षकहरूको उल्लेख गर्नुहोस्।

**जीवनका आत्माबाट स्वास्थ्य**

तपाईं कमजोर हुनुभएको बेलामा कसले तपाईंलाई नयाँ बल दिन सक्छ? वा तपाईं बिरामी हुनुभएको बेलामा कसले स्वास्थ्य दिन सक्छ? तपाईंको वातावरणमा भएको विष अर्थात् तपाईंले सामना गर्नुपर्ने रोगहरूका विरुद्धमा कसले तपाईंलाई सुरक्षा गर्न सक्छ? तपाईंका दैनिक समस्याहरूको तनावबाट कसले तपाईंलाई शान्ति र आनन्दित छुटकारा दिन सक्छ? कसले लागू पदार्थ वा रक्सीको अमलको शक्तिलाई तोड्न

सक्छ? कसले बहिरालाई सुन्न, अन्धालाई देख्न र कुँजाहरूलाई हिँड्ने बनाउन सक्छ? कसले क्यान्सर, कुष्ठरोग, मुटुको बिरामीपन र पृथ्वीमा भएका अन्य रोगहरूलाई निको पार्न सक्छ? मरेकाहरूलाई कसले जीवनमा ल्याउन सक्छ? जीवनका आत्मा, तपाईंका मित्रले नै यसो गर्न सक्नुहुन्छ! जसले हाम्रा शरीरलाई बनाउनुभयो, त्यसलाई फेरि कसरी निको पार्नुपर्छ भन्ने कुरा उहाँलाई थाहा छ।

निको पार्नको निम्ति आत्माले विभिन्न किसिमले काम गर्नुहुन्छ। येशूलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरेपछि धेरै जना निको भएका छन्; अरूहरू पानीमा वा पवित्र आत्मामा बप्तिस्मा भएपछि निको भएका छन्। कोही-कोही प्रार्थना गरिने बित्तिकै निको हुन्छन्, अरूहरू बिस्तारै निको हुन्छन्। कोही-कोही बाइबल पढ्दापढ्दै निको हुन्छन्; अरूहरूचाहिँ प्रभु-भोज लिँदा, मण्डली (एकलेसिया) सेवामा बसिरहँदा, प्रार्थना गर्दा वा आ-आफ्ना काम गर्दै गर्दा पनि निको हुन्छन्। परमेश्वरका सन्तानले विश्वाससाथ जब प्रार्थना गर्छन्, र जसको निम्ति प्रार्थना गरिएको हो ती व्यक्तिमाथि जीवनका आत्माले आफ्नो जीवन र शक्ति खन्याउनुहुन्छ।

जीवनका आत्माले मन, तन्तु र पूरै शरीरभरि नै स्वास्थ्य ल्याउनुहुन्छ। उहाँले मानिसहरूलाई फिक्री, डर र सबै किसिमका मानसिक रोगबाट छुटकारा दिनुहुन्छ। येशू यस पृथ्वीमा हुनुभएको बेलामा जसरी उहाँले भूतात्माको शक्तिबाट मानिसहरूलाई स्वतन्त्र पार्नुभयो आज पनि पवित्र आत्माले त्यसै गर्नुहुन्छ।

जस-जसलाई चङ्गाइ र स्वास्थ्यको आवश्यकता थियो, सो ल्याउनको निम्ति पवित्र आत्माले येशूद्वारा काम गर्नुभयो।

> **प्रेरित १०:३८**– परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र

दियाबलस (शैतान)-बाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो।



येशू स्वर्गमा फर्किजानुभएपछि, आफ्नो स्थान लिनको लागि उहाँले पवित्र आत्मा पठाउनुभयो। पवित्र आत्माले विश्वासीहरूलाई भर्नुभयो र येशूद्वारा आफूले जे-जस्ता आश्चर्यकर्महरू गर्नुभएको थियो, तिनीहरूद्वारा पनि त्यस्तै आश्चर्यकर्महरू गर्नुभयो।

**प्रेरित ५:१२,१६** – अब प्रेरितहरूका हातबाट धेरै चिन्हहरू र आश्चर्यकर्महरू जनताका बीचमा हुन लाग्यो. . . र यरूशलेमका वरिपरिका शहरहरूबाट पनि धेरै मानिसहरूले बिरामीहरू र अशुद्ध आत्माले सताइएकाहरूलाई लिएर आउँथे र ती सबै निको हुन्थे।

येशूले शुरू गर्नुभएको कामलाई लगातार रूपमा गरिरहनको निम्ति पवित्र आत्माले शुरूका ख्रीष्टियानहरूलाई ईश्वरीय वरदानहरू दिनुभएको थियो। यी वरदानहरूमध्ये नौवटालाई

१ कोरिन्थी १२ अध्यायमा उल्लेख गरिएको छ। तीमध्ये तीनवटा चाहिँ विश्वास, निको पार्ने र आश्चर्यकर्मका वरदानहरू हुन्।

> **१ कोरिन्थी १२:९-१०**– उनै पवित्र आत्माद्वारा कसैलाई विश्वास गर्ने, कसैलाई रोग निको पार्ने र कसैलाई आश्चर्यकर्महरू गर्ने वरदानहरू दिइएको छ।

पवित्र आत्माले शुरूको मण्डली (एकलेसिया)-को निम्ति प्रेरितको पुस्तकमा जे गर्नुभयो, आजको मण्डलीको निम्ति पनि परमेश्वरको योजना यही नै हो भन्ने कुरा धेरै ख्रीष्टियानहरूले आज महसूस गरिरहेका छन्। पवित्र आत्माले भरिदिनुहोस् भनी तिनीहरूले येशूसँग प्रार्थना गर्छन् र उहाँले तिनीहरूलाई भर्नुहुन्छ। हामीद्वारा आत्माका वरदानहरू प्रकट गर्नुहोस् भनी तिनीहरूले उहाँसँग प्रार्थना गर्छन् र उहाँले तिनीहरूद्वारा प्रकट गर्नुहुन्छ। जसको फलस्वरूप प्रार्थनाको उत्तरमा पवित्र आत्माको शक्तिद्वारा धेरैले चङ्गाइ प्राप्त गरिराखेका छन्।

निको हुनको निम्ति हामीले के गर्नुपर्छ भन्ने बारेमा याकूबले केही शर्तहरू दिएका छन्। हाम्रा निम्ति प्रार्थना गरि-दिनलाई हामीले मण्डलीका एल्डरहरूलाई बिन्ती गर्नुपर्छ। तिनी-हरू पास्टर,प्रचारक वा डिकनहरू हुन सक्छन्। बाइबलमा तेल-लाई पवित्र आत्माको प्रतिनिधित्व गर्ने चिन्हको रूपमा लिइएको छ। मानिसहरू परमेश्वरका हुन् र उहाँका आत्माले तिनीहरूमा काम गर्नुहुन्छ भनी देखाउनको लागि तिनीहरूलाई तेलले अभिषेक गरिन्थ्यो। तेलले निको पार्दैन तर आत्माले निको पार्नुहुन्छ।

> **याकूब ५:१४-१५**– "के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले एकलेसियाका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, र विश्वासको प्रार्थनाले

बिरामीहरूलाई बचाउनेछ र प्रभुले त्यसलाई निको पार्नुहुनेछ।

तपाईं पनि प्रभु येशू ख्रीष्टमा विश्वासी हुनुभएको हुनाले अरूहरूलाई स्वास्थ्य ल्याउने काममा पवित्र आत्माले तपाईंलाई प्रयोग गर्न सक्नुहुन्छ। येशूले कसरी रोगीहरूलाई निको पार्नुभयो भन्ने कुरा तपाईं तिनीहरूलाई बाइबलमा देखाउन सक्नुहुन्छ। तिनीहरूलाई यो कुरा थाहा भएकै होस् कि उहाँले आज पनि पवित्र आत्माको शक्तिद्वारा रोगीहरूलाई निको पार्नुहुन्छ र प्रार्थनाहरूको उत्तर दिनुहुन्छ। येशू ख्रीष्टमा भएको प्रत्येक विश्वासीले रोगीको निम्ति प्रार्थना गर्ने र तिनीहरू निको हुन्छन् भनी विश्वास गर्ने अधिकार पाएको छ। किन? येशूले यसको प्रतिज्ञा गर्नुभएको छ! त्यसैले विश्वास गर्नुहोस्।



**मर्कूस १६:१७-१८**– "विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्– मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन, तिनीहरूले नयाँ भाषाहरू बोल्नेछन्, तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्।

**तपाईंको अभ्यासको निम्ति . . .**

तलको खाली ठाउँ भर्नुहोस्

३. मर्कूस १६:१७-१८-मा येशूको प्रतिज्ञाअनुसार ........ .................... रोगीहरूमाथि आफ्ना .................. राख्नेछन् र तिनीहरू .............................. हुनेछन्।

४ के पवित्र आत्माले आज पनि निको पार्ने आश्चर्यकर्म गर्नुहुन्छ? ..................................................

**जीवनका आत्माबाट पुनरुत्थान**

पवित्र आत्माले येशूलाई मुर्दाबाट बौरिउठाउनुभयो र उहाँको शरीरलाई परिवर्तन गर्नुभयो र उहाँले तपाईंको निम्ति पनि यसै गर्नुहुनेछ। येशूले प्रतिज्ञा गर्नुभएको प्रशस्तताको जीवन हामीलाई दिनको निम्ति पवित्र आत्मा आफ्ना छोराछोरीहरूसँग बस्नुहुन्छ। अनि येशूमा विश्वास गर्ने सबैलाई कुनै दिन उहाँले पुनरुत्थानको जीवन दिनुहुनेछ। उहाँले हाम्रा शरीरलाई यस्तो किसिमले परिवर्तन गर्नुहुनेछ कि येशूलाई भेट्नको निम्ति हामी बादलमा उठाइनेछौं। हाम्रा परिवर्तित शरीरहरूमा हामीले कहिल्यै कमजोरी, दुःख, रोग वा मृत्युको अनुभव गर्नेछैनौं!



**रोमी ८:१०-११** – यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरूका शरीर मरेका भए तापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन्। तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ।

**तपाईंको अभ्यासको निम्ति . . .**

५. रोमी ८:१०-११-लाई पाँच पल्ट पढ्नुहोस्।

६. पुनरुत्थानको आशाको निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनुहोस्।

## तपाईंको आत्माको निम्ति जीवन र स्वास्थ्य

### आत्मिक जीवन

तपाईंको शरीरको निम्ति जीवनभन्दा पनि अझ धेरै कुराको तपाईंलाई आवश्यकता पर्छ। तपाईंको आत्माको निम्ति परमेश्वरले उपलब्ध गरिदिनुभएको अनन्त जीवनको आवश्यकता तपाईंलाई पर्छ। त्यो जीवन तपाईंलाई दिनको निम्ति येशू तपाईंको सट्टामा मर्नुभयो। अनि पवित्र आत्माले त्यो जीवन तपाईंमा ल्याउनुहुन्छ। उहाँले तपाईंको जीवनमा ल्याउनुहुने परिवर्तन यति महान् हुन्छ कि येशूले यसलाई नयाँ जन्म भन्नुभएको छ। हामी यसलाई जीवन परिवर्तन भन्छौं, किनभने यसले बदली हुने कुराको सङ्केत गर्छ। आत्मिक जन्मको यो आश्चर्यकर्मविना कोही व्यक्ति पनि परमेश्वरको बालक बन्न वा स्वर्ग जान सक्दैन। येशूले भन्नुभयो:

> **योआनेस ३:६-७**– शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान।

तपाईंको जीवन परिवर्तनमा पवित्र आत्माले गर्नुभएको कार्य तल उल्लेख छ:

- पवित्र आत्माले तपाईंलाई ख्रीष्टकहाँ डोऱ्याउनुभयो। तपाईं पापी हुनुहुन्छ र अनन्तसम्म परमेश्वरबाट अलग हुने दण्ड पाउनुभएको छ भनी देखाएर पवित्र आत्माले तपाईंलाई जीवन परिवर्तनको निम्ति तयारी पार्नुभयो। तपाईं आफैले आफैलाई उद्धार



गर्न सक्नुहुन्न भनी उहाँले तपाईंलाई देखाउनुभयो। येशू तपाईंका ठाउँमा मर्नुभयो भनी बुझ्नलाई उहाँले तपाईंलाई सहायता गर्नुभयो। आफ्ना पापहरू छोड्न र येशूले प्रदान गर्नुभएको क्षमालाई ग्रहण गर्न उहाँले तपाईंलाई सहायता गर्नुभयो। उहाँले ख्रीष्टलाई तपाईंकहाँ प्रकट गर्नुभयो र उहाँलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्न सहायता गर्नुभयो।

- तपाईंमाथि भएको पापको शक्तिलाई पवित्र आत्माले भाँच्नुभएको छ र तपाईंलाई नयाँ स्वभाव दिनुभएर परमेश्वरका बालक बनाउनुभएको छ।

**रोमी ८:२**– पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ।

**रोमी ८:१४**– जो-जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्।

- तपाईंमा रहन, तपाईंलाई सहायता गर्न र तपाईं अहिले परमेश्वरका बालक हुनुहुन्छ भनी तपाईंलाई थाहा दिनको निम्ति पवित्र आत्मा आउनुभएको छ।

**१ कोरिन्थी ६:१९**– तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन?

**गलाती ४:६**– तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रका आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो।

**रोमी ८:१५-१६**– किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौँ, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रा आत्मासँग गवाही दिनुभएको हो।

### तपाईंको अभ्यासको निम्ति . . .

७. के यहाँ उल्लेखित कदमहरूले तपाईंको जीवन परिवर्तनको अनुभवलाई बताउँछ? ........................................

८. यदि तपाईंको अनुभवमा यी कुनै कुराहरू नभएको जस्तो तपाईंलाई लाग्छ भने, ती तीन कदमहरूलाई फेरि दोहोऱ्याउनुहोस् र प्रत्येकको बारेमा प्रार्थना गर्नुहोस्। पवित्र आत्मालाई तपाईंको जीवनमा काम गर्नको निम्ति उहाँसँग बिन्ती गर्नुहोस्।

### आत्मिक स्वास्थ्य

**१ थेसलोनिकी ५:२३**– परमेश्वर आफैले ... तिमीहरूका समस्त आत्मा, प्राण र शरीर ... निष्कलङ्क राखून्।

तपाईंले आफ्नो शरीरलाई खुवाउनुहोस्, लुगा लगाइदिनुहोस् र आफूले सकेसम्म उत्तम किसिमले यसको हेरचाहा गर्नुहोस्। किन? किनभने यो तृप्त, आनन्दित, बलियो र स्वास्थ्य भएको तपाईं चाहनुहुन्छ। यदि तपाईं आफ्नो आत्मा पनि तृप्त, आनन्दित, बलियो र स्वस्थ भएको चाहनुहुन्छ भने तपाईंले यसको पनि हेर-विचार गर्नैपर्छ।

तपाईंले फेर्नुहुने सास तपाईंको शरीरको निम्ति जति महत्त्वपूर्ण छ, त्यति नै प्रार्थना तपाईंको आत्माको निम्ति महत्त्वपूर्ण हुन्छ। प्रार्थना गर्नको निम्ति पवित्र आत्माले तपाईंलाई कसरी सहायता गर्नुहुनेछ भन्ने विषयमा तपाईंले अर्को पाठमा सिक्नुहुनेछ।



परमेश्वरको वचन तपाईंको आत्माको निम्ति खानेकुरा हो। बाइबल बुझ्नको लागि तपाईंलाई सहायता पुऱ्याउन पवित्र आत्मा आउनुभएको छ। बाइबलका लेखक उहाँ नै हुनुहुन्छ, यसैले यसमा भएका सबै कुरा उहाँले बुझ्नुहुन्छ। तपाईंले जान्नुपर्ने कुराहरूलाई बाइबलमा लेख्नको लागि पवित्र आत्माले मानिसहरूलाई प्रयोग गर्नुभएको थियो।

> **२ पत्रस १:२१**– पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका थिए।

पवित्र आत्मा आउनुभएपछि उहाँले तिनीहरूलाई सिकाउनुहुनेछ भनी येशूले चेलाहरूलाई प्रतिज्ञा गर्नुभयो। पेन्तिकोसको दिनमा तिनीहरू पवित्र आत्मामा बप्तिस्मा भएपछि, तिनीहरूले परमेश्वरको वचनलाई अझै राम्रोसँग बुझे। अहिले पनि पवित्र आत्माको बप्तिस्मा पाउनेहरू धेरैले यही अनुभव गरेका छन्।

**योआनेस १४:२६**– पवित्र आत्माले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।

**नहेम्याह ९:२०**– तिनीहरूलाई शिक्षा दिन तपाईंले आफ्नो असल आत्मा दिनुभयो।

केबिन र डोरोथी रणघानद्वारा लिखित *क्याथोलिक पेन्टिकस्टल* भनिने पत्रिकामा तपाईंले धेरै साक्षीहरूलाई पढ्न सक्नुहुन्छः

"एक्कासि म धर्मशास्त्रको नजीकै तानिएको मैले आफैलाई भेट्टाएँ। बाइबलका वचनहरू मेरो लागि अति नै स्पष्ट भए। प्रार्थना वास्तविक आनन्द बन्यो।"

"म आफू सुत्ने कोठामा फर्कें र भजनसंग्रह र प्रेरितको पुस्तकलाई बिहान तीन बजेसम्म पढ़िरहे। मैले बाइबललाई छोड्नै सकिनँ। म धेरै-धेरै पढ्न चाहन्थे।"

"मेरो पूरै जीवनमा पनि आफैले सिक्न नसक्ने बाइबलको सत्यतालाई यो अनुभवपछि पवित्र आत्माले सिकाउनुभएको छ। अहिले जब म बाइबल पढ्छु, वचन ममा रहन्छन्, किनभने ख्रीष्ट मेरो निम्ति जिउनुहुन्छ।"

**तपाईंको अभ्यासको निम्ति . . .**

९. योआनेस १४:२६-लाई कण्ठ गर्नुहोस्।

१० बाइबल पढ़ाइमा तपाईंको प्रवृत्ति कस्तो छ, त्यस विषयमा विचार गर्नुहोस्। के तपाईं यसलाई अझै बुझ्न चाहनुहुन्छ? ........................................

११ बाइबल र प्रार्थनाको शुभ अवसरको निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनुहोस्। हरेक दिन बाइबल पढ्नुभन्दा पहिले, यस वचनद्वारा बोल्नुहोस् भनी पवित्र आत्मासँग बिन्ती गर्नुहोस्।

## आत्मिक वृद्धि

मानिसहरूले यसो भनेको तपाईंले कति पल्ट सुन्नुभएको छः "यस केटालाई हेर्नुहोस् त! ऊ दिनदिनै आफ्नो बाबुजस्तै देखिन्छ!"



केटाकेटीहरू बढ्दै जाँदा तिनीहरू आफ्ना आमा-बाबुहरूजस्तै देखिन्छन्। तपाईंचाहिँ कस्तो हुनुहुन्छ? के तपाईं दिनदिनै आफ्ना स्वर्गीय पिताजस्तै देखिनुहुन्छ? तपाईंले आफ्नो जीवनलाई पवित्र आत्माको अगुवाइमा दिनुभयो भने, तपाईं आत्मिक रूपमा बढ्नुहुनेछ। तपाईं आफ्ना स्वर्गीय पिताजस्तै हुनुहुन्छ भन्ने कुरा यी चरित्रहरूका आधारमा अरूहरूले देख्न सक्नेछन्। यी चरित्रहरूलाई आत्माको फल पनि भनिन्छ।

> **गलाती ५:२२-२३**—तर आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्।


तपाईं शिशु हुनुहुँदा धेरै नै सहराहीन हुनुहुन्थ्यो। तर तपाईं जब बढ्दैजानुभयो, तपाईं बलियो हुनुभयो। तपाईंले नयाँ अनुभवहरू प्राप्त गर्नुभयो र पहिले गर्न नसक्ने धेरै कुराहरू गर्न सिक्नुभयो। परमेश्वरले आफ्ना छोराछोरीहरूलाई आशिष्



विश्वासको जाँच, र उहाँको निम्ति गरिने कामहरूका धेरै नयाँ आत्मिक अनुभवहरूमा डोऱ्याउनुहुन्छ। आत्मिक रूपमा वृद्धि हुनको निम्ति यी अनुभवहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्।

आफ्ना सबै सन्तानले पवित्र आत्मामा हुने बप्तिस्माको आत्मिक अनुभवलाई प्राप्त गरेको परमेश्वर चाहनुहुन्छ। यसलाई आत्मामा भरिनु पनि भनिन्छ। पवित्र आत्माको स्वभाव पनि परमेश्वर पिता र प्रभु येशू ख्रीष्टको जस्तै छ भन्ने कुरालाई नभुल्नुहोस्। परमेश्वरले तपाईंलाई यदि प्रशस्तसँग भर्न चाहनुहुन्छ कि परमेश्वरको स्वभावले तपाईंको स्वभावलाई निर्माण गर्न चाहनुहुन्छ। परमेश्वरको स्वभाव प्रेम र पवित्रता हो। यसरी जब तपाईं पवित्र आत्माले भरिएको हुनुहुन्छ, तपाईं प्रेम र पवित्रताले भरिएको हुनुहुनेछ।

सुखा स्पन्जको बारेमा विचार गर्नुहोस्। यदि तपाईंले यसलाई पानीले भरिएको बाल्टीमा चोप्नुभयो भने, आफूले लिन सक्ने जति सबै पानी यसले सोस्छ। यसलाई बाहिर निकाल्नुहोस् र यसबाट पानी खसिरहेको देखिन्छ। यसलाई हल्लाउनुहोस्, हिर्काउनुहोस्, निचोर्नुहोस् तब के हुन्छ त? जुन पानीले यो भरिएको हुन्छ यसले त्यसलाई नै दिन्छ। तपाईं त्यो स्पन्ज हुनुहुन्छ। येशूले तपाईंलाई पवित्र आत्मामा बप्तिस्मा दिन चाहनुहुन्छ, र तपाईंको



जीवनको प्रत्येक भागमा उहाँको स्वभावलाई पूरा रूपमा नलिउञ्जेलसम्म जीवनको आत्मामा तपाईंलाई राख्नुहुन्छ। जब तपाईं आत्माले भरिएको हुनुहुन्छ, समस्याहरूले तपाईंलाई हल्लाउन सक्छन्, मानिसहरूले तपाईंलाई दुःख दिन सक्छन्, तर जीवनका यी सबै समस्याहरूले तपाईं भरिनुभएको परमेश्वरको प्रेमलाई प्रकट गर्छन्।

*तिनीहरू अन्य भाषाहरूमा बोल्छन्* भन्ने पुस्तकका लेखक जोहन एल. शेरिलले पवित्र आत्मामा भएको आफ्नो बप्तिस्माको बारेमा यसरी बताएका छन्ः

> पवित्र आत्मामा हुने बप्तिस्माको वास्तविक घड़ीमा एक उदेकको अनुभव मैले प्राप्त गरेंः म प्रेममा डुबें, प्रेमद्वारा घेरिएँ, र प्रेमद्वारा धोइएँ। पवित्र आत्माको शक्तिको सम्बन्धमा मात्र हामी धेरै सरोकार राख्छौं। तर त्यस शक्तिको स्वभावचाहिँ प्रेम हो भन्ने कुरामा म निश्चित छु।

यस्तो किसिमको परिवर्तन गर्ने पवित्रताको रहस्यपूर्ण बनावट प्रेम नै थियो भन्ने कुरा मैले विचार गरें। पवित्र आत्माको बप्तिस्मामा अचम्मको अनुभवको रूपमा जब म यस प्रेमसँगको सम्पर्कमा आएँ, तब मैले आफैलाई धोइएको, निर्माण भएको र निको भएको व्यक्तिको रूपमा भेट्टाएँ। मैले आशै नगरेको सम्पूर्णताको मैले अनुभव गरें।

**तपाईंको अभ्यासको निम्ति . . .**

१२ गलाती ५ः२२-२३-लाई कण्ठ गर्नुहोस्। पवित्र आत्माले तपाईंमा यी फल उत्पन्न गर्नुभएको होस् भनी उहाँसँग प्रार्थना गर्नुहोस्।

१ ३ मानिसहरूले परमेश्वरका छोराछोरीमा देख्न सक्ने उहाँको स्वभावको दुइ चरित्रहरूको उल्लेख गर्नुहोस्। ..........
..........................................................................

## उद्देश्यसहितको जीवन

आफ्नै मात्र हेरचाहा गर्नको निम्ति तपाईं जन्मनुभएको होइन। तपाईंको शारीरिक शरीरको उद्देश्य तपाईंको शरीरको हेरचाहा गर्नुभन्दा पनि अझ ठूलो छ। त्यस्तै तपाईंको आत्मिक जीवनको उद्देश्य तपाईंको आत्मिक जीवनको हेरचाहा गर्नुभन्दा पनि अझ ठूलो छ। परमेश्वरको महान् योजनामा भाग लिनको निम्ति तपाईं जन्मनुभएको हो। उहाँले तपाईंको निम्ति विशेष योजना राख्नुभएको छ। तपाईंले गर्नुपर्ने केही काम त्यहाँ छ।

परमेश्वरको योजनाअनुसार काम गर्नको लागि पवित्र आत्माले तपाईंलाई सहायता गर्न चाहनुहुन्छ। उहाँलाई अगुवाइ गर्न दिनुहोस् र तपाईंले जीवनको अर्थ र उद्देश्य पत्ता लगाउनुहुनेछ। उहाँले तपाईंलाई जिउनको निम्ति र मर्नको निम्ति कारण दिनुहुनेछ, अर्थात् ख्रीष्टको निम्ति नै तपाईं जिउनु वा मर्नुहुनेछ। आत्माले दुइ किसिममा तपाईंलाई ख्रीष्टको निम्ति गवाही बनाउनुहुनेछः तपाईंको परिवर्तित जीवनद्वारा र तपाईंका शब्दहरूद्वारा। उहाँले तपाईंका खुट्टाहरूलाई स्वर्गतिरको बाटोमा राख्नुहुनेछ र तपाईंको स्वर्गीय घरमा तपाईंसँग जानको लागि अरूहरूलाई निमन्त्रणा गर्न सहायता गर्नुहुनेछ।

**प्रेरित १:८**– तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ र तिमीहरू. . . मेरा साक्षी हुनेछौ।

**तपाईंको अभ्यासको निम्ति . . .**

१४ पवित्र आत्मालाई तपाईंको साथी वा सहयोगी हुन आउनु भएकोमा धन्यवाद दिनुहोस्

**तपाईंका उत्तरहरूको जाँच गर्नुहोस् . . .**

२. परमेश्वर आत्मा, आत्मिक जीवन
३. विश्वासीहरू, हातहरू, असल
४. ठीक
१३. प्रेम, पवित्रता (अन्य पनि हुनसक्छ)

पाठ ३

# पवित्र आत्माले प्रार्थना गर्नको निम्ति तपाईंलाई सहायता गर्नुहुन्छ

**यस पाठमा तपाईंले यी विषयहरू अध्ययन गर्नुहुनेछ. . .**

- प्रार्थना गर्नको निम्ति आत्माले तपाईंलाई सिकाउनुहुन्छ
- परमेश्वरलाई आराधना गर्नको निम्ति आत्माले तपाईंलाई सहायता गर्नुहुन्छ
- आफ्ना भूलहरू स्वीकार गर्नको निम्ति आत्माले तपाईंलाई सहायता गर्नुहुन्छ
- के कुरा माग्नुपर्ने हो आत्माले तपाईंलाई देखाउनुहुन्छ।
- तपाईंद्वारा आत्माले प्रार्थना गर्नुहुन्छ

## ध्यान (मनन्)

पवित्र आत्माले भरिएका बाइबल कलेजका विद्यार्थीहरूले यसरी लेखेका छन्ः

"प्रार्थनामा हामीले नयाँपनको अनुभव गऱ्यौं र यस्तो अनुभव गहिरो विश्वासको जीवनको शुरू थियो। धेरै जनाहरूले लामो समयसम्म परमेश्वरको स्तुति-प्रशंसा गर्दै प्रार्थना गर्न सके।"

"प्रार्थना वास्तविक आनन्द बन्यो। परमेश्वरको उपस्थिति र प्रेमको अनुभव यति गहन भयो कि उहाँको प्रेमको विचार गर्दै आधा घण्टासम्म म आनन्दले हाँसिरहें।"

"प्रार्थनामा मैले बिताएको मेरो समय सबैभन्दा आनन्दित समय थियो। मैले प्रार्थनाको आनन्दको महसूस गरिरहेको थिएँ। परमेश्वरलाई प्रशंसा गर्ने काम मैले कहिल्यै गरेको थिइनँ। केही कुरा चाहियो भने वा धन्यवाद दिनलाई वा परमेश्वरको नजीक हुनको निम्ति र ख्रीष्टियानको रूपमा असल जीवन जिउनको निम्ति असल ख्रीष्टियानले यसै गर्नुपर्छ भन्ने उद्देश्यले मात्र म सधैं प्रार्थना गर्नेगर्थें। अब परमेश्वरको प्रशंसाको निम्ति उहाँसँग प्रार्थना गर्नुचाहिँ आनन्द हो। मैले प्रार्थना गर्दा धेरै नजीकपना र आनन्दको अनुभव गरें।"

"मेरो जीवनमा पवित्र आत्माको बप्तिस्माले प्रभाव पारेको कुरालाई यदि मैले बताउनुपर्ने हो भने, म ईमानदारीसाथ यही भन्छु कि ख्रीष्टियान भएर जिउनको लागि यसले मलाई आनन्दित अनुभव प्रदान गरेको छ। ख्रीष्ट र पितालाई चिन्नाले अनन्त जीवनको स्वाद यस अनुभवले मलाई दिएको छ। अगुवाइ, आनन्द र ख्रीष्टियान जीवनको शक्तिको निम्ति पवित्र आत्मासँग बिन्ती गर्न अब म डराउँदिनँ।"

## प्रार्थना गर्नको निम्ति आत्माले तपाईंलाई सिकाउनुहुन्छ


तपाईंको दैनिक जीवनमा प्रार्थना के हो– कर्तव्य पूरा गर्ने तरीका मात्र हो वा परमेश्वरसँग कुरा गर्दा आनन्दित हुने अनुभव हो? के तपाईंले प्रार्थना गर्नुहुँदा परमेश्वर नजीकै हुनुभएको जस्तो तपाईंलाई लाग्छ? के तपाईंका प्रार्थनाहरूका उत्तर पाउनुभएको छ? के तपाई प्रार्थनामा परमेश्वरसँग काम गरेर अचम्मका नतीजाहरूलाई देख्न चाहनुहुन्छ? कसरी

प्रार्थना गर्नुपर्छ भनी मानिसहरूलाई सिकाउनमा निपुण एक मित्र तपाईंसँग हुनुहुन्छ। उहाँ पवित्र आत्मा नै हुनुहुन्छ।

पवित्र आत्माले तपाईंका निम्ति परमेश्वरलाई कसरी वास्तविक तुल्याइदिनुहुन्छ भन्ने विषयमा तपाईंले अध्ययन गरिसक्नुभएको छ। परमेश्वरले तपाईंलाई कति धेरै प्रेम गर्नुहुन्छ भनी जब उहाँले तपाईंलाई देखाउनुहुन्छ, तब तपाईं परमेश्वरलाई अझै प्रेम गर्नुहुन्छ र धेरै समय उहाँसँग प्रार्थनामा बिताउन चाहनुहुन्छ। परमेश्वरले तपाईंको वास्ता गर्नुहुन्छ भन्ने कुरा तपाईंलाई थाहा छ र यसरी तपाईंलाई खाँचो भएको कुरा परमेश्वरसँग माग्नको निम्ति तपाईं निश्चित हुन सक्नुहुन्छ।

माग्नको निम्ति पवित्र आत्माले तपाईंलाई विश्वास र परमेश्वरले सुन्नुभएको छ र उत्तर दिनुहुनेछ भनी निश्चयता दिनुहुन्छ। तपाईंलाई प्रार्थना गर्नलाई सिकाउनको निम्ति उहाँले परमेश्वरको वचन प्रयोग गर्नुहुन्छ। केको निम्ति प्रार्थना गरिनुपर्ने, कसरी प्रार्थना गरिनुपर्ने, र केको आशा गर्नुपर्ने हो, त्यस विषयमा बाइबलले तपाईंलाई बताउँछ। पवित्र आत्माले परमेश्वरका प्रतिज्ञाहरूलाई वास्तविक तुल्याउनुहुन्छ र तिनीहरूलाई दाबी गर्न उहाँले तपाईंलाई सहायता गर्नुहुन्छ।

प्रार्थना गर्नु भनेको परमेश्वरसँग कुराकानी गर्नु हो। यो बोलिएका शब्दहरू वा शान्त प्रकारले परमेश्वरतर्फ फर्काइएका तपाईंका विचारहरूद्वारा प्रकट गरिन्छ। यो दुइतर्फको कुराकानी हो– तपाईंले परमेश्वरको आवाज सुन्नैपर्छ र साथसाथै उहाँसँग बोल्नुपर्छ। जब तपाईं परमेश्वरसँग कुराकानी गर्नुहुन्छ, तपाईंले तीनवटा कुराहरू गर्नैपर्छः



१. परमेश्वरको आराधना
२. आफ्ना भूलहरूका स्वीकार
३. आफ्ना आवश्यकताको निम्ति प्रार्थना




आफ्ना प्रार्थनाहरूलाई ख्रीष्टियान जीवन र परमेश्वरको सेवाको निम्ति अगाड़ि बढ्न सहायता गर्ने चक्काहरूका रूपमा लिनुहोस्। यदि चक्काको कुनै भाग फुटेर बाहिर निस्केको छ भने त्यो टाढ़ासम्म पुग्न सक्दैन, के पुग्न सक्छ होला र? तपाईंका प्रार्थनाहरूको हरेक क्षेत्रमा पवित्र आत्माले तपाईंलाई सहायता गर्न चाहनुहुन्छ।



**तपाईंको अभ्यासको निम्ति . . .**

१. प्रार्थना के हो? ..................................................

२. प्रार्थनामा तपाईंले गर्नुपर्ने तीन कुराहरूको नाम दिनुहोस्। तपाईंको प्रार्थनाको जीवनमा कमजोरी देखिएका कुराहरूको पछाड़ि (✗) (चिन्ह) लगाउनुहोस्।

..................................................................

..................................................................

**परमेश्वरलाई आराधना गर्नको निम्ति आत्माले तपाईंलाई सहायता गर्नुहुन्छ**

तपाईंका प्रार्थनाहरूमा आराधनालाई कुन स्थान दिइएको छ? परमेश्वरप्रति भएको आफ्नो प्रेमलाई तपाईंले आराधनामा प्रकट गर्नुहुन्छ। यदि त्यहाँ प्रेम छैन भने साँचो आराधना पनि हुन सक्दैन? त्यहाँ केवल खाली रूप मात्र हुन्छ। पवित्र आत्माले तपाईंलाई परमेश्वरको उपस्थितिमा ल्याउनुहुन्छ र उहाँको प्रेमप्रति प्रतिउत्तर दिन सहायता गर्नुहुन्छ। कहिलेकहीँ भजनका शब्दहरूले तपाईंले अनुभव गरेको प्रेमलाई प्रकट गर्छन् र यसरी तपाई परमेश्वरको अगाड़ि गाउनुहुन्छ। कहिलेकहीँ तपाई शब्दहरूमा उहाँको प्रशंसा गर्नुहुन्छ र कहिलेकहीँ चूपचाप भएर उहाँको भलाइको निम्ति धन्यवाद चढ़ाउनुहुन्छ।



**एफिसी २:१८**– "हामी सबैले पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं।"

**फिलिप्पी ३:३**– "किनकि हामी परमेश्वरलाई आत्मामा पूज्छौं र . . . र बाहिरीया विधिहरूमा भरोसा राख्दैनौं।"

**योआनेस ४:२४**– "परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।"


महान् प्रचारक चाल्स फिन्नीले यसरी लेखेका छन्ः

म भित्र पसेपछि जब मैले ढोका बन्द गरें, प्रभु येशू ख्रीष्टलाई मुखामुख भेटेको जस्तो मलाई लाग्यो. . .। उहाँले केही पनि भन्नुभएन, तर उहाँको पाउसम्मै पुऱ्याएर मलाई टुक्रा-टुक्रा पार्ने तरीकाले उहाँले मलाई हेर्नुभयो। बालकले जस्तै

गरी म रोएँ, र घुँक्क-घुँक्क गर्दै मैले मेरा भूलहरूको स्वीकार गरें। म फर्केर आगोको नजीकै बस्न लागेको थिएँ, मैले पवित्र आत्माको महान् बप्तिस्मा पाएँ। मेरो हृदयमा खन्याइएको त्यस अचम्मको प्रेमलाई म कुनै पनि शब्दहरूले वर्णन गर्न सक्दिनँ। आनन्द र प्रेमले भरिएर म रोएँ।

के तपाईं आफ्नो जीवनमा आराधनालाई अभिन्न अङ्ग बनाउन चाहनुहुन्छ? तपाईंले यी पाँच तरीकाहरूमा पवित्र आत्मासँग मिलेर काम गर्नुभयो भने परमेश्वर यसो गर्न सक्नुहुन्छः

- हरेक दिन एउटा भजनसंग्रह पढ्नुहोस्। परमेश्वरप्रति अझै कृतज्ञ हुनको लागि यी भजनहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्।



- बाइबलमा उल्लेखित प्रार्थनाहरूलाई ध्यान दिनुहोस्। यी तपाईंका लागि नमूनाहरू हुन्।
- जब तपाईं प्रार्थना गर्नुहुन्छ, आफ्ना खाँचाहरूका निम्ति बिन्ती गर्नुभन्दा पहिले परमेश्वरलाई आराधना गर्नुहोस्।

भजनसंग्रह १००:४ धन्यवादसाथ उहाँका मूल ढोकाभित्र, र प्रशंसा गर्दै उहाँका चोकभित्र पस। उहाँलाई धन्यवाद चढ़ाओ र उहाँको नाउँलाई धन्यको भन।

- आराधना र धन्यवादका भजनहरू गाउनुहोस्। घरमा वा मण्डली (एकलेसिया) भवनमा गाउनुहोस्। शब्दहरूका बारेमा विचार गर्नुहोस् र तिनीहरूका अर्थ बुझ्नुहोस्।

परमेश्वरलाई आराधना गर्नको निम्ति पवित्र आत्माले तपाईंलाई नयाँ भजन पनि दिन सक्नुहुन्छ।

**एफिसी ५:१८-२०**– "पवित्र आत्माले भरिपूर्ण होओ। एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै, सधैं सबै कुराका निम्ति. . . परमेश्वर पितालाई धन्यवाद चढ़ाओ।

➧ तपाईंलाई सहायता गर्नको निम्ति पवित्र आत्मासँग बिन्ती गर्नुहोस्। पवित्र आत्माले भरिएकाहरू धेरैले आराधनामा पाइएको आनन्द र स्वतन्त्रताको बारेमा बताएका छन्। पवित्र आत्माले तपाईंलाई पनि सहायता गर्न चाहनुहुन्छ।



**तपाईंको अभ्यासको निम्ति . . .**

३. परमेश्वरलाई आराधना गर्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउन उहाँले पवित्र आत्मा पठाउनुभएकोमा परमेश्वरलाई धन्यवाद चढ़ाउनुहोस्। तब उहाँसँग केही कुरा नमागिकनै पाँच मिनेटसम्म परमेश्वरलाई धन्यवाद, प्रशंसा र आराधना गर्नुहोस्।

४. परमेश्वरको निम्ति भजनसंग्रह १४५-लाई चर्को स्वरमा पढ्नुहोस्। परमेश्वरको निम्ति आराधनाको भजन गाउनुहोस्।

५. जे-जे कुराहरूका निम्ति तपाईं धन्यवादी हुनुहुन्छ, त्यसको सूची बनाउनुहोस्। ती कुराहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनुहोस्।

## आफ्ना भूलहरू स्वीकार गर्नको निम्ति आत्माले तपाईंलाई सहायता गर्नुहुन्छ

भित्ताको अगाडि बसेर प्रार्थना गरेको जस्तो र आफ्नो प्रार्थना परमेश्वरमा नपुगेको जस्तो के तपाईंलाई लागेको छ?



तपाईंका प्रार्थनाहरूलाई बाधा पार्ने कुराहरूलाई हटाउनको निम्ति पवित्र आत्माले तपाईंलाई सहायता पुऱ्याउनुहुन्छ। बालकले आफ्ना बाबुको आज्ञा पालन नगर्दा कस्तो व्यवहार गर्छ विचार गर्नुहोस्। आफ्ना बाबुलाई हेर्न र भेट्न ऊ खुशी हुन्छ त?



उनलाई भेट्नको निम्ति ऊ दौडेर जान्छ वा ऊ टाढै बस्छ? यदि उसलाई आफ्ना बाबुको सहायताको आवश्यकता पऱ्यो भने, उसको आफ्नै दोषचाहिँ त्यो सहायता पाउनलाई बाधा हुन्छ। आफूले गरेको भूललाई उसले स्वीकार गर्नुपर्छ, आफ्ना बाबुसँग क्षमा माग्नुपर्छ र आज्ञा भङ्ग गर्नलाई रोक्नुपर्छ। जब उसले यसो गर्छ, आफ्ना पिताका प्रेमी बन्छन् र ढुक्क भएर पिताको सहायता माग्न सक्छन्।

परमेश्वर र हाम्रा बीचमा पनि यस्तै हुन्छ। यद्यपि हामी आफ्नै भूलहरूका कारण अन्धा हुन्छौं। यसरी हाम्रा भूलहरू हामीलाई देखाएर पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ। पाप कति डरलाग्दो हुन्छ भनी उहाँले हामीलाई देखाउनुहुन्छ, र

हाम्रा पापहरू परमेश्वरका अगाड़ि स्वीकार गर्न उहाँले हामीलाई सहायता गर्नुहुन्छ। यदि हामीहरूले अरूहरूलाई खराब गरेका छौं भने, तिनीहरूबाट हामीले क्षमा माग्नुपर्छ भनी उहाँले हामीलाई भन्नुभएको छ र यी सबै कुराहरू मिलाउनको निम्ति उहाँले हामीलाई सहायता गर्नुहुन्छ। बाइबलका दिनहरूदेखि नै आत्मिक जागृतिको निम्ति यो अभिन्न अङ्ग भएको छ।

*आत्माको आगोले कोरियालाई सल्कायो* भन्ने पुस्तकमा जोनाथन गोफोर्थले धेरै उदाहरण दिएका छन्। प्रेस्विटेरियन र मेथोडिस्ट मिशनरीहरू, आत्मिक जागृतिको निम्ति प्रार्थना गर्न महीनौं दिनसम्म दिनहुँ भेट्ने गर्थे। ठूलो आत्मिक जागृति आयो र वर्षौंसम्म यो जागृति रहिनैरह्यो र यसबाट बलिया र आत्मिक मण्डली (एकलेसिया)-हरू स्थापना भए। पिङ्ग्याङ्गको सङ्गतिमा यो शुरू भएको थियो।

> आराधना सेवालाई सधैंको जस्तो गरी चलाइरहँदा धेरै रोइरहेका र आफ्ना पापहरूका स्वीकार गरिरहेका थिए। श्री स्वालनले यस्तो खालको अनौठो कुराको कहिल्यै अनुभव गरेका थिएनन् र श्रोताहरूका बगिरहेको भावनालाई अधीनमा ल्याउन उनले एउटा भजन गाउने आग्रह गरे। उनले धेरै पल्ट कोशिश गरे तर व्यर्थै भयो, उनले भक्तिभयमा यो कुराको महसूस गरे कि अर्कै व्यक्तिले सेवा सञ्चालन गरिराखेका थिए।

यसपछि पिङ्ग्याङ्गमा भएको आमा मण्डली (एकलेसिया)-ले एक साताभरिको प्रार्थनामा विशेष आशिष्को आशा राखेको थियो, तर तिनीहरूका प्रार्थनाहरूको उत्तर आएको जस्तो देखिएन। अन्तिम साँझ मण्डलीमा काम गर्ने नील नाम भएका एल्डरले आफ्नो पापको कारण परमेश्वरले तिनीहरूलाई आशिष् दिन सक्नुहुन्न भनी स्वीकार गरी त्यहाँ भेला भएका पूरै

१,५०० मानिसहरूलाई चकित पारिदिए। मर्नै लागेका आफ्ना मित्रको निवेदनमा तिनको बगानलाई हेरचाहा गरिदिने मञ्जुरी उनले गरेका थिए। यसो गर्दा उनले आफ्नै निम्ति धेरै रुपियाँपैसा लुकाएर पनि राखे। आफ्नो पापको स्वीकार गरेपछि उनले भने, "भोलि बिहानै म त्यो पैसा ती विधुवालाई फर्काइदिन्छु।"

> अब एक्कासि बाधा हटेको महसूस भयो र पवित्र परमेश्वर आउनुभयो। प्रत्येक व्यक्तिले आफ्ना पापको स्वीकार गर्न थाल्यो। आइतबार साँझ सात बजे शुरू भएको सेवा सोमवार बिहान दुइ बजेसम्म सिद्धिएन। यस अवधिमा रुँदै आफ्ना पापहरूको स्वीकार गर्ने व्यक्तिहरूको धुइरो लागेको थियो।
>
> यसरी धेरै महीना प्रार्थनामा बिताउनु नै असल भयो, किनभने पवित्र आत्मा परमेश्वर आउनुभएर उहाँले आधा दिनमा जति पूरा गर्नुभयो, हामीहरू सबै मिशनरीहरू मिलेर यसलाई आधा वर्षमा पूरा गर्न सक्ने थियौं होला। दुइ महीनाभन्दा पनि अझ कम समयमा नै दुइ हजार व्यक्तिहरू प्रभुमा आए।
>
> ई.सं. १९०७-को बीचतिर पिङ्ग्याङ्ग केन्द्रसँग सम्बन्धित भएका ३०,००० विश्वासीहरू भए। ई.सं. १९१०-मा आत्मिक जागृति मरेको थिएन, किनभने त्यसै वर्षको अक्टोबर महीनामा एकै हप्ताको बीचमा ४,००० व्यक्तिहरूले बप्तिस्मा लिए।

पिङ्ग्याङ्गमा जे भयो त्यही कुरा बिसौं शताब्दीमा पनि संसार वरिपरिका धेरै एकलेसिया (मण्डली)-हरूमा घरीघरी



भइराखेको छ। ती ख्रीष्टियानहरूले पवित्र आत्मालाई आफ्नो प्राणको खोजी गर्न दिए र आत्मिक जागृतिलाई बाधा पार्ने कुरालाई उहाँले प्रकट गरिदिनुभयो, जब ख्रीष्टियानहरूले आफ्ना पापहरूको स्वीकार गर्छन् र परमेश्वर र मानिससँग सम्बन्ध मिलाउँछन्, परमेश्वरले आफ्नो महिमाको निम्ति तिनीहरूलाई प्रयोग गर्नुहुन्छ। आत्मिक जागृति आउँछ। प्रार्थनाहरूका उत्तर पाइन्छ। आत्माहरू बचाइन्छन्।

> **२ इतिहास ७:१४**– "यदि मेरो आफ्नै नाउँ दिएको मेरो प्रजाले मप्रति अर्पण गरेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु, र तिनीहरूका पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई म फेरि अघिको जस्तै स्वस्थ पार्नेछु।"

> **१ योआनेस १:८-६**– "यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोखा दिन्छौं, र हामीमा सत्य हुँदैन। यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र

सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।''

**भजनसंग्रह १९:१२,१४**– ''आफ्ना भूलहरू कसले सम्झन सक्छ? गुप्त दोषहरूबाट मलाई शुद्ध पार्नुहोस्। हे परमप्रभु, मेरा चट्टान र मेरा उद्धारक, मेरा मुखका वचनहरू र मेरो हृदयको ध्यान तपाईंको दृष्टिमा ग्रहणयोग्य होऊन्।''

**भजनसंग्रह १३९:२३-२४**– ''हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदय बुझ्नुहोस्, मलाई खार्नुहोस् र मेरा विचारहरू जान्नुहोस् र हेर्नुहोस्, ममा दुराचरण केही रहेछ कि रहेनछ र मलाई अनन्तको चालमा डोऱ्याउनुहोस्।



**तपाईंको अभ्यासको निम्ति . . .**

६. पिङ्ग्याङ्ग कोरियामा भएका ख्रीष्टियानहरूलाई पवित्र आत्माले के देखाउनुभयो, तिनीहरूको भविष्य, तिनीहरूका शुभ अवसरहरू, वा तिनीहरूका भूलहरू?

.....................................................................

७. प्रार्थनासाथ भजनसंग्रह ५१-लाई पढ्नुहोस्।

८. २ इतिहास ७:१४; भजनसंग्रह १९:१२,१४; १३९:२३,२४-लाई कण्ठ गर्नुहोस्। यी पदहरूलाई परमेश्वरको अगाड़ि दोहोऱ्याउनुहोस्। तपाईंका भूलहरूलाई

देखाउनका निम्ति पवित्र आत्मालाई पर्खनुहोस्। उहाँको क्षमा र सहायताको निम्ति बिन्ती गर्नुहोस्। तपाईंले जे गर्नुपर्छ भनी उहाँले देखाउनुहुन्छ त्यही गर्नुहोस्।

## के कुरा माग्नुपर्ने हो आत्माले तपाईंलाई देखाउनुहुन्छ

तपाईंलाई खाँचो परेको कुरा आफ्ना स्वर्गीय पितासँग माग्नको निम्ति पवित्र आत्माले तपाईंलाई उत्साह दिनुहुन्छ। अरूहरू र तिनीहरूका आवश्यकताहरूका निम्ति प्रार्थना गर्न उहाँले तपाईंलाई याद दिलाउनुहुन्छ। तपाईंले माग्नुभएको कुरा उहाँले तपाईंलाई दिनुहुन्छ भनी विश्वास गर्नको लागि उहाँले तपाईंमा विश्वास हालिदिनुहुन्छ।

**रोमी ८:१५**– "किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले अब हामी परमेश्वरलाई "अब्बा पिता" भनी पुकाछौँ।"

**फिलिप्पी ४:६**– "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्।"

तर तपाईंलाई के चाहिन्छ भन्ने कुरा कहिलेकहीँ तपाईंलाई थाहै हुँदैन। तपाईंले गल्ती कुराहरू पनि माग्नुहुन्छ होला। तपाईं आफ्नै निम्ति र अरूहरूका निम्ति प्रार्थनामा के कुरा माग्नुपर्ने हो सो कुरा तपाईंको मनमा राखिदिनलाई तपाईंका सहयोगी मित्र पवित्र आत्मा त्यहीँ नै उपस्थित हुनुहुन्छ।


परमेश्वरले तपाईंको प्रार्थनाद्वारा काम गर्न चाहनुहुन्छ। जब कुनै खाँचो आइपर्छ, प्रार्थना गर्नू भनी उहाँले आफ्ना छोराछोरीहरूलाई अराउनुहुन्छ। तब तिनीहरूका प्रार्थनाको उत्तर दिनलाई आवश्यक पर्ने सबै कुराहरू उहाँले गर्नुहुन्छ।

यसरी नै उहाँले आत्माहरू बचाउनुहुन्छ, आत्मिक जागृति पठाउनुहुन्छ, रोगीहरूलाई निको पार्नुहुन्छ, समस्याहरूका समाधान गर्नुहुन्छ, र खाँचोहरूलाई पूरा गर्नुहुन्छ।




तपाईंको परिवार, तपाईंका मित्रहरू, तपाईंको मण्डली (एकलेसिया), तपाईंको देश र तपाईंको संसारको निम्ति प्रार्थना गर्न परमेश्वरले तपाईंलाई जिम्मेवारी दिनुभएको छ। तपाईंले जसरी प्रार्थना गर्नुहुन्छ संसार वरिपरि भएको परमेश्वरको काममा यसले प्रभाव पार्छ।

कुनै व्यक्तिको खाँचो के हो भन्ने विषयमा तपाईंलाई थाहै नदिई उनको निम्ति प्रार्थना गर्नलाई पवित्र आत्माले तपाईंलाई प्रेरणा दिनुहुन्छ। हुन सक्छ ती व्यक्तिहरू सिकिस्थ बिरामी छन् होला, वा उनले ठूलो खतरा वा परीक्षाको सामना गरिरहनुपरेको होला वा परमेश्वरको काम गर्नको निम्ति ईश्वरीय शक्तिको उनलाई आवश्यकता परेको होला। तपाईंका प्रार्थनाहरूले उनलाई सहायता पुऱ्याउनेछ।




पोर्टलेण्डको ओरेगेन भन्ने ठाउँमा एक जना ख्रीष्टियानले, आफ्ना पास्टर जोसेफ बोऊलाई यो कुरा बताए, "आज मैले अचम्मको अनुभव गरें। अफ्रिकामा भएका अल्वा वाकर नामक एक जना व्यक्तिका निम्ति प्रार्थना गर्नू भनी परमेश्वरले मलाई भन्नुभयो। परमेश्वरले जवाफ दिनुभयो भन्ने कुरामा निश्चयता प्राप्त नगरुञ्जेल मैले प्रार्थना गरी नै रहें।" अल्वा वाकर नाम भएका मिशनरी संसारको अर्कोपट्टि कालापानीको ज्वरोले सिकिस्थ बिरामी भएका थिए। ख्रीष्टमा भएका तर आफूले नचिनेका भाइले जब

उनको लागि प्रार्थना गरे, उमलाई निद्रा लाग्यो र त्यसपछि उनी निको भएर उठे। कसैले आत्माको आवाज पालन गरेका हुनाले उनको जीवन बाँच्यो।

> **एफिसी ६:१८**– "सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।

### तपाईंको अभ्यासको निम्ति . . .

९ फिलिप्पी ४:६; एफिसी ६:१८ कण्ठ गर्नुहोस्।

१० *तपाईंका सहयोगी मित्र भनिने* यस पुस्तकलाई अध्ययन गर्ने अन्य मित्रहरूका निम्ति पनि प्रार्थना गर्नुहोस्। तपाईंले जसका निम्ति सुसमाचार अध्ययन पाठ्यक्रमको निवेदन गर्नुभएको थियो, ती मित्रहरूका निम्ति पनि प्रार्थना गरिदिनुहोस्।

## तपाईंद्वारा आत्माले प्रार्थना गर्नुहुन्छ

तपाईंले आफ्नै भाषामा स्वाभाविक रूपमा प्रार्थना गर्नुभन्दा पनि अझै तीव्र रूपमा पवित्र आत्माले तपाईंद्वारा प्रार्थना गर्नुहुन्छ।

तपाईंले महसूस गर्नुभएको खाँचोको लागि यों प्रार्थना गरिएको हुन सक्छ। वा जब आत्माले तपाईंको मन र भावनालाई निर्देशित गरेर त्यस खाँचोको सम्बन्धमा तपाईंलाई सचेत पार्नुहुन्छ, तब तपाईंको आत्माको गहिराइबाट ठूलो प्रेरणासाथ प्रार्थना खन्याइन्छ। आत्माले तपाईंका खाँचोहरू वा अरूहरूका खाँचोहरूका निम्ति परमेश्वरसँग बिन्ती गरिदिनुहुन्छ।

प्रार्थना गर्दा तपाईंमा यस्तो बोझ आउँछ कि त्यो अति आवश्यक खाँचो तपाईंको आफ्नै हो भन्ने किसिमले तपाईं

प्रार्थना गर्नुहुन्छ। तपाईंले महसूस गर्नुभएको खाँचोको निम्ति तपाईंले रोएर प्रार्थना गर्नुहुन्छ तर यसलाई बुझ्नुहुन्न।

> **हिब्रू ५:७**– "येशूले बड़ो क्रन्दन र आँसुसहित परमेश्वरलाई प्रार्थना चढ़ाउनुभयो।"

> **रोमी ८:२६-२७**– "त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं. . . तर परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ।

कहिलेकहीँ पवित्र आत्माले उहाँ र पिताले मात्र जान्नुभएको तर तपाईंले नजान्नुभएको भाषामा प्रार्थना गर्न चाहनुहुन्छ। पौलसले यसलाई अन्य भाषामा प्रार्थना गर्ने वा *ग्लोस्सोलालिया* भनेको छन्। कहीँ-कहीँ यसलाई अनौठो शब्दहरूमा बोल्ने भनी अनुवाद गरिएको छ, किनभने हामीले नबुझ्ने प्रत्येक भाषा हाम्रो निम्ति अनौठो आवाज नै हो।

पवित्र आत्माले तपाईंद्वारा विभिन्न समस्याहरूका निम्ति प्रार्थना गरिदिनुहुन्छ, जुन समस्याहरूलाई तपाईंले थाहा पाउनु आवश्यक छैन। तपाईंका प्रार्थनाहरूलाई रोकिदिने शैतानका शक्तिहरूमाथि उहाँले अधिकार लिनुहुन्छ। उहाँले विजयताको



दाबी गर्नुहुन्छ र उत्तरको निम्ति परमेश्वरलाई प्रशंसा चढ़ाउनुहुन्छ। तपाईंको प्राणलाई बोझ दिने खाँचो वा तपाईंको हृदयलाई भर्ने

प्रशंसा र उहाँको प्रेमलाई कसरी प्रकट गर्नुपर्छ भनी तपाईं-लाई थाहा नहुँदा उहाँले स्वर्गीय भाषामा यसलाई प्रकट गरिदिनुहुन्छ।

अन्य भाषाद्वारा पवित्र आत्मालाई प्रार्थना गर्न दिनु महत्त्वपूर्ण छ भनी पौलसले कोरिन्थको मण्डली (एकलेसिया)-लाई सिकाएका थिए, तर आफ्नो समझले पनि प्रार्थना गर्नुपर्ने जिम्मेवारीलाई चाहिँ यसले हटाउँदैन। दुवै किसिमका प्रार्थनाहरू आवश्यक छन्।

> **१ कोरिन्थी १४:२,१४-१५**– अन्य भाषामा बोल्नेले मानिसहरूसँग होइन, तर परमेश्वरसँग बोल्दछ। उसले के भन्दैछ कसैले बुझ्दैन, पवित्र आत्मामा रहस्यका कुराहरू नै ऊ बोल्दछ, किनभने मैले अन्य भाषामा प्रार्थना गर्दा मेरो आत्माले प्रार्थना गर्दछ, तर मेरो दिमागचाहिँ निष्फल हुन्छ। अब मैले के गर्ने त? म आत्माले प्रार्थना गर्नेछु, र दिमागले पनि प्रार्थना गर्नेछु।



**याकूब ५:१६**– "तिमीहरू एउटाले अर्काको निम्ति प्रार्थना गर।"

परमेश्वरले तपाईंलाई उहाँसँगै काम गर्नको निम्ति बोलाउनुभएको छ। पवित्र आत्माले तपाईंलाई अगुवाइ गर्नुभएको होस्, प्रार्थना गर्न तपाईंलाई सिकाउनुभएको होस् र तपाईंद्वारा प्रार्थना गर्नुभएको होस्। जब तपाईं यस सेवालाई स्वीकार गर्नुहुन्छ, तपाईंले प्रार्थनाका धेरै अचम्मका उत्तरहरू देख्नुहुनेछ।

### तपाईंको अभ्यासको निम्ति . . .

११ रोमी ८:२६-२७-लाई कण्ठ गर्नुहोस्। के पवित्र आत्माले तपाईंद्वारा काम गर्नुभएको तपाईं चाहनुहुन्छ? यसबारेमा उहाँसँग कुराकानी गर्नुहोस्।

१२ के तपाईं प्रार्थनाको सेवा चाहनुहुन्छ? अहिले नै शुरू गर्नुहोस्। उहाँको अगुवाइमा सचेत बनाउनुहोस् भनी पवित्र आत्मासँग बिन्ती गर्नुहोस्। मण्डली भवन र घरमा प्रार्थना गर्नुहोस्। यदि सम्भव हुन्छ भने, आफूद्वारा पवित्र आत्माले कसरी प्रार्थना गर्नुहुन्छ भनी थाहा पाएका मित्रहरूसँग एक घण्टा वा त्यसभन्दा बढ़ी सँगै मिलेर प्रार्थना गर्नुहोस्। आई सी आई-द्वारा प्रकाशित पुस्तकहरू हजारौं व्यक्तिहरूले अध्ययन गरिराखेका छन्, तिनीहरूका उद्धारको निम्ति र यी पुस्तकहरूलाई छाप्नको निम्ति आवश्यक पर्ने रुपियाँपैसाको लागि पनि प्रार्थना गर्नुहोस्।

१३ अब तपाईंले पहिला तीनवटा पाठहरूलाई पूरा गर्नुभएको छ, र तपाईंको विद्यार्थी प्रतिवेदनको पहिलो खण्डलाई उत्तर दिनको निम्ति तपाईं तयारी भइसक्नुभएको छ। पाठ १-३-लाई दोहोऱ्याउनुहोस् र उत्तर-पृष्ठ भर्नको निम्ति तपाईंको विद्यार्थी प्रतिवेदनका निर्देशनहरूलाई पालन गर्नुहोस्। विद्यार्थी प्रतिवेदनको अन्तिम पृष्ठमा दिइएको ठेगानामा तपाईंको उत्तर-पृष्ठलाई फर्काउनुहोस्।

**तपाईंका उत्तरहरूको जाँच गर्नुहोस् . . .**

१ परमेश्वरसँग कुराकानी गर्नु
२ आराधना, स्वीकार, माग्नु
६ तिनीहरूका भूलहरू

# पवित्र आत्माले तपाईंलाई अगुवाइ गर्नुहुन्छ

**यस पाठमा तपाईंले यी विषयहरू अध्ययन गर्नुहुनेछ. . .**

- तपाईंलाई अगुवाइ गर्न तपाईंका मित्र हुनुहुन्छ
- परमेश्‍वरको वचनद्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ।
- मण्डली (एकलेसिया)-द्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ
- आत्मिक वरदानहरूद्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ
- दर्शनहरू र सपनाहरूद्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ
- परिस्थितिहरू र प्रभावहरूद्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ

## ध्यान (मनन्)

गलातीका विश्‍वासीहरूलाई पौलसले यसरी लेख्छन्, "यदि तिमीहरू आत्माले भरिएका छौ भने, "आत्माअनुसार हिँड़।" कोरिन्थमा विश्‍वासीहरू पवित्र आत्माले भरिएका थिए तर आत्मामा हिँड्ने जिम्मेवारीमा भने तिनीहरू चुकेका थिए। यसैले प्रेरित पौलसले दुःखलाग्दो घोषणा गरेका छन्, "तिमीहरू अझै शारीरिक छौ. . . र मानिसहरूकै चालमा हिँड्छौ।"

मानिसले परमेश्‍वरबाट आत्मिक वरदानहरू जति नै प्राप्त गरे पनि, त्यस मानिस आत्मामा नहिँडुञ्जेलसम्म उसले केही

कुरा पनि पूरा गर्न सक्दैन। उदाहरणको लागि, विश्वासीलाई सबै सत्यतामा डोऱ्याउनको लागि पवित्र आत्मा आउनुहुन्छ, तर सत्यको वचनलाई अध्ययन नगर्ने विश्वासीको जीवनमा उहाँले यो सेवा कसरी पूरा गर्न सक्नुहुन्छ त?

साक्षी दिनको निम्ति हामीलाई शक्ति दिन पवित्र आत्मा आउनुहुन्छ, तर साक्षी दिन नै इन्कार गर्ने मानिसको गवाहीलाई उहाँले कसरी शक्ति दिनुहुन्छ त? विश्वासीलाई उसको प्रार्थनाको जीवनमा पवित्र आत्माले ठूलो सहायता पुऱ्याउनुहुन्छ, तर यदि बप्तिस्मा लिएको ख्रीष्टियानले आफ्नो प्रार्थनाको जीवनलाई हेलच्याँक्राइ गऱ्यो, वा आफ्नो प्रार्थनाको जीवनमा पवित्र आत्मालाई वेवास्ता गऱ्यो भने उहाँले यससम्बन्धमा आफ्नो काम कसरी पूरा गर्न सक्नुहुन्छ र?

मानिसको पवित्र समर्पणको प्रतिउत्तरमा दिइने परमेश्वरका सबै वरदानहरू एक्कासि खन्याइन्छन्। तर मानिस आत्मामा हिँड़पछि, उसमा आत्माको फल उत्पादन गरिन्छ र उसले दैनिक रूपमा आफ्नो शरीरलाई अधीनमा राखी परमेश्वरले दिनुभएको वरदानलाई प्रयोग गर्नुपर्छ। "आत्मामा हिँड़।"



## तपाईंलाई अगुवाइ गर्न तपाईंका मित्र हुनुहुन्छ

"मैले के गर्नैपर्छ होला" भनी तपाईंले कति पल्ट आफ्ना मित्रहरूलाई सोध्नुभयो? कोही मानिसहरू भाग्य, चिना र भविष्य बताउनेहरूकहाँ भर पर्छन्। तर तपाईंसँगचाहिँ ती

कुराहरूभन्दा पनि अझै असल कुरा छ। भविष्यका बारेमा जान्नुहुने मित्र तपाईंसँग हुनुहुन्छ। तपाईंको निम्ति जे उत्तम छ सो उहाँलाई थाहा छ। उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंका सबै निर्णयहरूमा अगुवाइ गर्न चाहनुहुन्छ। उहाँ तपाईंका सहयोगी मित्र, पवित्र आत्मा हुनुहुन्छ।



**गलाती ५:१६,२५**– "पवित्र आत्माद्वारा हिँड़। पवित्र आत्माले हामीलाई जीवन दिनुभएको छ, उहाँले हाम्रा जीवनलाई पनि अधीन गर्नैपर्छ।

**तपाईंको अभ्यासको निम्ति . . .**

१. गलाती ५:१६,२५-लाई कण्ठ गर्नुहोस्।

## परमेश्वरको वचनद्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ



तपाईंलाई स्वर्गतिर अगुवाइ गर्नको लागि पवित्र आत्माले बाइबललाई *बाटो देखाउने नक्साको* रूपमा प्रयोग गर्नुभएको छ। दिन प्रतिदिन परमेश्वरको वचनको शिक्षालाई तपाईंका अवस्थाहरूमा प्रयोग गर्नका निम्ति उहाँले तपाईंलाई सहायता पुऱ्याउनुहुन्छ। यसैले हरेक दिन तपाईंले आफ्नो बाइबल पढ्नु अति नै महत्त्वपूर्ण छ।

तपाईंले पढ्दैजानुहुँदा बाइबलका पदहरूबाट पवित्र आत्मा तपाईंसँग बोल्नुहुन्छ। घरीघरी ख्रीष्टियानहरूले यसरी साक्षी दिएका छन्ः "मैले ठूलो समस्या भोगिरहेको थिएँ र यस विषयमा के गर्ने भनी मलाई थाहा थिएन। जब म बाइबल पढ्दै

गएँ, एउटा पदचाहिँ पृष्ठबाट बाहिर छुट्टै उभिएकोजस्तो मलाई लाग्यो। यही कुरा नै मेरो निम्ति अति आवश्यक थियो। मेरो समस्या यसरी समाधान भयो।''

पवित्र आत्माले तपाईंलाई अगुवाइ गर्नको निम्ति तपाईंले कण्ठ गर्नुभएका बाइबल पदहरूले सहायता गर्छन्। तपाईंलाई आवश्यक परेको बेलामा उहाँले ती वचनहरूलाई तपाईंको मनमा ल्याइदिनुहुन्छ। तपाईंले गर्न नहुने काम गर्नको लागि तपाईं परीक्षित हुनुभयो भने, 'रोक' चिन्हजस्तै गरी ''तपाईं परमेश्वरले मलाई देख्नुहुन्छ!'' भन्ने बाइबलको पद तपाईंको मनमा आएको अनुभव तपाईंले गर्न सक्नुहुन्छ। ख्रीष्टियानहरूलाई परीक्षाबाट फर्काउनको निम्ति पवित्र आत्माले ठीक समयमा बाइबलबाट यी पदहरू प्रकट गरिदिनुहुन्छ।



**भजनसंग्रह ११९:९** – ''जवान मानिसले आफ्नो चालचलन कसरी शुद्ध राख्न सक्ला? तपाईंको वचनमा ध्यान दिएर नै हो।''

बाइबलका शिक्षाहरूद्वारा पनि पवित्र आत्मा तपाईंसँग बोल्नुहुन्छ। यो मण्डली (एकलेसिया)-मा रेड़ियोमा, बाइबल अध्ययन समूहमा, सुसमाचार साहित्यमा र यस पुस्तकजस्तै अध्ययन पाठ्यक्रममा प्रचार गर्ने वा सिकाउने हुन सक्छ। तपाईंलाई सबै सत्यतामा डोऱ्याउनको लागि उहाँले यी तरीकाहरूलाई छान्नुभएको छ।



**तपाईंको अभ्यासको निम्ति . . .**

२. योआनेस १६:१३-लाई कण्ठ गरी धेरै पल्ट दोहोऱ्याउनुहोस्।

३. भजनसंग्रह ११६:६-लाई कण्ठ गर्नुहोस्।

## मण्डली (एकलेसिया)-द्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ

बालकले कसरी हिँड्न, बोल्न, दौड्न, खेल्न र काम गर्न सिक्छ? आफ्नो परिवारबाट! के गर्नुपर्छ र कसरी गर्नुपर्छ भनी बाबु, आमा, दाज्यूहरू र दिदीहरू सबैले बालकलाई सिकाउँछन्।

तपाईं नयाँ गरी जन्मनुभएपछि पवित्र आत्माले तपाईंलाई परमेश्वरको परिवारको अङ्ग अर्थात् प्रभु येशू ख्रीष्टको मण्डलीको सदस्य बनाउनुभएको छ। ख्रीष्टमा भएका तपाईंका दाज्यू-भाइ तथा दिदी-बहिनीहरूले दिन सक्ने सहायतालाई तपाईंले स्वीकार गरेको उहाँ चाहनुहुन्छ। तपाईंले स्थानीय मण्डलीमा आफ्नो स्थान लिएपछि धेरै अगुवाइ, शिक्षा र सहायता प्राप्त गर्नुहुन्छ। बाइबलमा विश्वास गर्ने, यसको आज्ञापालन गर्ने र पवित्र आत्माको कामलाई स्वीकार गर्ने मण्डलीको सदस्य बन्नुहोस्।

परमेश्वरले पास्टरहरू, शिक्षकहरू र अन्य अगुवाहरूलाई एकलेसियामा राख्नुभएको छ। पवित्र आत्माले तिनीहरूलाई विशेष वरदानहरू र शक्ति दिनुहुन्छ र यसरी तिनीहरूले ठीकसँग आ-आफ्ना काम पूरा गर्न सक्छन्।

> **एफिसी ४:१२**– "ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन् भनी उहाँले यो गर्नुभयो।"

मण्डलीको हरेक सदस्य पवित्र आत्माले भरिएको हुनुपर्छ। अगुवाहरू र सदस्यहरू पवित्र आत्माद्वारा अगुवाइ भए भने पूरै मण्डलीले मिलापमा एकैसाथ काम गर्न सक्छ। परमेश्वरको योजनामा हरेकले आ-आफ्नो कामलाई प्रभावकारी ढङ्गले पूरा गर्न सक्छ।

**तपाईंको अभ्यासको निम्ति . . .**

४. निरन्तर रूपमा पवित्र आत्माले भरिऊन् भनी आफ्ना पास्टर र अगुवाहरूका निम्ति प्रार्थना गर्नुहोस्।

## आत्मिक वरदानहरूद्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ



प्रत्येक ख्रीष्टियानका निम्ति पवित्र आत्मासँग वरदानहरू छन्। यी वरदानहरूलाई हामीले स्वीकार गरेको परमेश्वर चाहनुहुन्छ, यसरी हामी एक-अर्कालाई सहायता गर्न सक्छौं।

**१ कोरिन्थी १२:४,७**– "वरदानहरू विभिन्न किसिमका छन्, तर एउटै पवित्र आत्माले ती दिनुहुन्छ। सबैका हित- को लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ।

विश्वास, आश्चर्यकर्म र निको पार्ने वरदानहरूका बारेमा तपाईंले पढ्नुभएको छ। पवित्र आत्माका कुनै-कुनै अलौकिक वरदानहरूलाई यहाँ दिइएको छ।

**१ कोरिन्थी १२:८,१०**– कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई ऊ नै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने...कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने,

कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने।

तपाईंलाई आवश्यक परेको बुद्धि वा ज्ञान पवित्र आत्माले ास्टर वा आत्माले भरिएको अन्य ख्रीष्टियानलाई दिन सक्नुहुन्छ। अथवा यो सन्देश गहिरो प्रभाव वा भित्रिय ज्ञानको रूपमा सीधै ापाईंकहाँ आउन सक्छ। त्यस अवस्थाको निम्ति परमेश्वरको च्छा के हो भनी तपाईंले एक्कासि बुझ्नुहुन्छ। बाइबलको ण्डको अर्थ के हो र यसलाई तपाईंको समस्यामा कसरी प्रयोग



गर्न सकिन्छ भन्ने प्रकाश तपाईंको मनभन्दा बाहिरबाटै आउँछ। कसैलाई सहायता गर्नको निम्ति तपाईंलाई आवश्यक परेकै वचनहरू परमेश्वरले तपाईंलाई दिनुहुन्छ।

तपाईंले मानिसहरूलाई प्रभुको बारेमा बताउँदा वा बाइबल पाठ सिकाउँदा तपाईंलाई पवित्र आत्माको अगुवाइको खाँचो पर्छ। बाबु-आमाले पनि आफ्ना ोराछोरीहरूलाई ठीक किसिमको सल्लाह दिनलाई बुद्धिको चन चाहिन्छ। आत्माको काम सङ्कष्टको बेलाको लागि मात्र ाइन तर दैनिक व्यावहारिक जीवनको निम्ति आवश्यक छ।

**एफिसी १:१७**– पवित्र आत्माले तिमीलाई बुद्धि दिनुहुनेछ।

**प्रस्थान ३५:३१** – उहाँले तिनलाई परमेश्वरका आत्माले, अर्थात् बुद्धि, समझ र ज्ञान र सबै किसिमको शिल्पकारीको आत्माले परिपूर्ण पार्नुभएको छ।

अगमवाणी, अन्य भाषाहरूमा सन्देश र अन्य भाषाहरूको र्थद्वारा पवित्र आत्मा समूहसँग बोल्नुहुन्छ। अगमवाणी भनेको ल्ने व्यक्तिको भाषामा दिइएको परमेश्वरको सन्देश हो। यस

सन्देशले भविष्यको कुरालाई पनि बताएको हुन सक्छ। अथव सुन्नेहरूलाई उत्साह र सान्त्वनाको सन्देश पनि यो हुन सक्छ कहिलेकहीँ सन्देश अन्य भाषामा आउँछ र यसको अर्थ खोलिन्छ यी दुइ वरदानहरूलाई एकै साथ राख्दा अगमवाणीका वरदान हरूजस्ता हुन्छन्।

आफूले झूटा सन्देशहरू सुनेको कारणले कोही-को मानिसहरू यी वरदानहरूसँग डराउँछन्। नकली पैसा पाइएला भन्ने डरले पैसालाई नै स्वीकार नगर्नुजस्तो यो हो। परमेश्वर कामको नकल गरेर शैतानले मानिसहरूलाई सधैं नै गोलमाल राख्ने कोशिश गरेको छ। बाइबल समयमा झूटा अगमवक्ताह थिए र आज पनि ती छन्। पवित्र आत्माको नकलमा गरिए कामहरू प्राप्त होलान् भन्ने डरले पवित्र आत्माका वरदानहरूल इन्कार गरेको उहाँले चाहनुहुन्न।

उहाँका कामहरूका नकलद्वारा तपाईं ठगिएको पनि परमेश्व चाहनुहुन्न। त्यसैले आत्माका वरदानहरूमध्ये एउटा वरदानचा आत्माहरूलाई छुट्ट्याउने वरदान हो; यसले मण्डलीलाई आत्माहरू र मानिसहरूका गल्ती विचारहरूबाट सुरक्षित राख परमेश्वरबाटको प्रकाश हो भन्दै कहिलेकहीँ मानिसहरूले आप विचारलाई प्रकट गर्ने गर्छन्। कसलाई विवाह गर्ने, कहाँ जा के गर्ने सम्बन्धमा "सन्देशहरू" दिएर कसै-कसैले ठूलो गोलम मच्चाउने गर्छन्। यसैले सबै सन्देशहरूलाई जाँच गर्नुपर्छ भ परमेश्वरले बताउनुभएको छ।

> **१ थेसलोनिकी ५:१९-२२** – पवित्र आत्मालाई ननिभाउ अगमवाणीलाई तुच्छ नठान। सबै कुराको जाँच ग जुन कुरा असल छ त्यसैमा दृढ़ रहो। सबै किसिम खराबीबाट अलग बस।

पवित्र आत्माबाटका सन्देशहरूले यी पाँच स्तरहरू पूरा गर्नुपर्छः

- *सन्देश परमेश्वरको वचनसँग पूरा रूपले सहमत हुनुपर्छ*

उदाहरणको लागि कसैकी पत्नीलाई लैजानू भन्ने सन्देश, पवित्र आत्माबाटको हुन सक्दैन। परमेश्वरले मनाही गर्नुभएको काम गर्नको निम्ति हामीलाई बताउन होइन, तर परमेश्वरको आज्ञा पालन गर्नको लागि हामीलाई सहायता गर्न पवित्र आत्मा आउनुभएको हो। परमेश्वरको वचनमा सहमति हुनु नै सबैभन्दा महत्त्वपूर्ण जाँच हो, सबै थोकलाई यसैद्वारा नाप्नुपर्छ।

- *सन्देश सत्य हुनैपर्छ*

यदि सन्देशमा भनिएको कुरा सत्य भएन भने, यो पवित्र आत्माबाटको होइन, किनभने उहाँ सत्यका आत्मा हुनुहुन्छ। प्रभुबाटका अगमवाणीहरू पूरा हुन्छन्।

**यर्मिया २८:९**– अगमवक्ताले कहेको अगमवाणी जब पूरा हुन्छ, तब साँच्ची नै ती अगमवक्तालाई परमप्रभुले पठाउनुभएको रहेछ भनी चिनिनेछ।

**व्यवस्था १८:२१-२२**– अनि कुनै वचन परमप्रभुले बोल्नुभएको होइन भनेर थाहा पाउने उपायचाहिँ यो हो– कुनै अगमवक्ताले परमप्रभुको नाउँमा बोलेपछि त्यो कुरा पूरा भएन वा सत्य ठहरेन भने, त्यो परमप्रभुले भन्नुभएको वचन होइन। ती सबै त्यही अगमवक्ताको मनगडन्ता कुरा हो। तिमीहरू त्यसदेखि नडराउनू।




**योआनेस १६:१३**– जब उहाँ अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ।

- *सन्देशले ख्रीष्टलाई आदर गर्नेछ*

  परमेश्वरका आत्मा र ख्रीष्टका आत्माले पिता र पुत्र दुवैलाई आदर गर्नुहुनेछ।

**योआनेस १६:१४**– उहाँले मेरो महिमा गर्नुहुनेछ।

**१ कोरिन्थी १२:३**– परमेश्वरका आत्माद्वारा बोल्ने कसैले 'येशू श्रापित होस्' भन्दैन।

- *सन्देशले गोलमाल होइन तर आशिष् ल्याउँछ*

**१ कोरिन्थी १४:३,४,२६**– तर अगमवाणी बोल्ने हरेकले मानिससँग नै बोल्दछ। तिनीहरूका आत्मिक वृद्धि उत्साह, र सान्त्वनाको निम्ति ऊ बोल्दछ।. . . अगमवाणी बोल्नेले एकलेसियाको आत्मिक वृद्धि गराउँछ।. . . यी सबै कुरा आत्मिक वृद्धिको निम्ति गरिऊन्।

- *सन्देश दिने व्यक्ति मर्यादासाथ सबै काम गर्नलाई सचेत र जिम्मेवारपूर्ण हुनुपर्छ।*

  शैतानले पवित्र आत्माको कामलाई नकल गर्छ। दुष्ट आत्मा खेलाउनेहरू अचेत हुन सक्छन् र आत्माले अधीन गरिसकेपछि आफूले के भन्दैछु भन्ने कुरा तिनीहरूलाई थाहा हुँदैन। तर पवित्र आत्माले एक व्यक्तिद्वारा जब सन्देश दिनुहुन्छ, उहाँले त्यस व्यक्तिको चेतनशील सहभागितासँगसँगै कार्य गर्नुहुन्छ। कहिले बोल्नुपर्ने र कहिले चूप लाग्नुपर्ने सो कुरा त्यस व्यक्तिले छान्न सक्छ, यसरी पास्टर वा अरूहरूलाई परमेश्वरले दिनुभएको सन्देश सुनाउने काममा बाधा पर्दैन। १ कोरिन्थी १४ अध्यायमा पौलसले यसलाई स्पष्टसँग सिकाएका छन्। पास्टरले पवित्र आत्माका वरदानहरूको प्रयोगला

उत्साह दिनैपर्छ। तर सबै काम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले भएको छ कि छैन भनी हेर्ने जिम्मेवारी पास्टर-को हुन्छ। यसरी जस-जससँग आत्माका वरदानहरू छन्, तिनीहरूले पास्टरको नेतृत्वलाई स्वीकार गर्नैपर्छ र उनले दिएका अर्ती वा सल्लाहहरूको विरोध गर्नुहुँदैन।

**१ कोरिन्थी १४:३२,३३,४०**– अगमवक्ताहरूका आत्मा अगमवक्ताहरूकै अधीनमा हुन्छन्, किनकि परमेश्वर गोलमालका परमेश्वर हुनुहुन्न। तर शान्तिका परमेश्वर हुनुहुन्छ। सबै काम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ।

**तपाईंको अभ्यासको निम्ति . . .**

५. १ थेसलोनिकी ५:१६-२२-लाई कण्ठ गर्नुहोस्।

६. परमेश्वरबाट आएको हो भनिएको सन्देशलाई जाँच गर्न प्रयोग गरिने पाँच स्तरहरूलाई कण्ठ गर्नुहोस्।

## दर्शनहरू र सपनाहरूद्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ



परमेश्वर मानिसहरूसँग सपना र दर्शनद्वारा कसरी बोल्नुभयो भन्ने विषयमा तपाईंले बाइबलमा पढ्नुभएको छ। आज पनि यसै गरी पवित्र आत्मा मानिसहरूसँग बोल्नुहुन्छ। योएलको अगमवाणी पूरा भइराखेको छ।

**प्रेरित २:१७**– तिमीहरूका युवकहरूले दर्शन देख्नेछन् र तिमीहरूका बूढ़ापाकाहरू स्वप्नदर्शी हुनेछन्।

ई.सं.१९४०-मा पेकिङ्ग भनिने ठाउँमा पवित्र आत्मा अचम्म किसिमले खन्याइनुभएको बारेमा बि.टी. बार्डले लेखेका छन्:

त्यहाँ पापहरू र भूलहरूका स्वीकार गरिए, अन्य भाषाहरूमा सन्देश बोलिए र तिनीहरूका व्याख्या गरिए, अगमवाणी, आत्मिक सपना, ख्रीष्ट र महिमित राज्यको स्वर्गीक दर्शन, ईश्वरीय चङ्गाइ, प्रार्थना र आराधनाको आत्माको प्रकट थियो।

काओ चु. जुले परमेश्वरको उपस्थितिको वास्तविक चाहना गरिन् तर यस्तो चाहना छ भन्ने कुरा उनले देखाउन चाहिनन् र कसैले आएर आफूमाथि हात राखिदिएर प्रार्थना गरेको पनि चाहिनन्। एक्कासि तिनले येशूको दर्शन देखिन्, र उहाँले कीला ठोकिएका आफ्ना हातहरू दयासाथ तिनीमाथि राख्नुभयो। आत्माको शक्तिको कारणले तिनी भूइँमा लड्रिन् र आत्माले उच्चारण गर्न दिनुभएबमोजिम तिनी अचम्म किसिमले अन्य भाषाहरूमा बोल्न थालिन्।

परमेश्वरबाट आउने सपनाहरू स्पष्ट हुन्छन् र त्यस व्यक्तिलाई गहिरो रूपले प्रभाव पार्छन्। आफ्ना पापलाई त्याग्नु र येशूलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्नू भनी धेरै व्यक्तिहरूलाई सपनाहरूमा चेताउनी पनि दिइएको छ। तपाईंले आफ्ना सपनाहरूमा आशिष्, सहायता र उत्साह पनि पाउन सक्नुहुन्छ। अथवा कसैको निम्ति प्रार्थना गर्न वा खतराको बारेमा तपाईंलाई चेताउनी दिन पवित्र आत्माले तपाईंलाई अगुवाइ गर्नुहुन्छ।

धेरैजसो सपनाहरू परमेश्वरबाटका प्रकाशहरू होइनन्। तपाईंको सहचेतन मनले तपाईं सुतिरहनुभएको बेलामा पनि काम गर्छ र तपाईंका विचारहरूलाई सपनाहरूमा परिवर्तन गरिदिन्छ।

यद्यपि, यी सपनाहरूलाई पनि तपाईंले प्रयोगमा ल्याउन सक्नुहुन्छ। तपाईंले आफ्ना सपनाहरूमा देख्नुभएको प्रत्येक व्यक्ति र अवस्थाको निम्ति प्रार्थना गर्नुहोस्।

### तपाईंको अभ्यासको निम्ति . . .

७. यदि तपाईंले सपना देख्नुहुन्छ भने यसलाई कोशिश गर्नुहोस्: आफ्ना सपनाहरूमा पनि तपाईं प्रभुको नजीक हुन चाहनुहुन्छ भनी सुत्न जानुभन्दा पहिले प्रभुलाई भन्नुहोस्। तपाईंले जुन-जुन व्यक्तिहरूका बारेमा सपना देख्नुभयो, तपाईं बिउँझने बित्तिकै तिनीहरूका निम्ति प्रार्थना गर्नुहोस्।

## परिस्थितिहरू र प्रभावहरूद्वारा उहाँले तपाईंलाई अगुवाइ गर्नुहुन्छ

एक ख्रीष्टियान बहिनीले आफूले यात्रा गर्ने योजना गरेको बसलाई गुमाइन्। चार घण्टापछि तिनी अर्को बसमा चढ़िन् र अर्की स्त्री बसेकै सीटमा बसिन्। ती स्त्रीले परमेश्वरको आवश्यकताको महसूस गरिन्, र यसरी ती बहिनीले तिनलाई ख्रीष्टमा डोऱ्याउन सकिन्। पवित्र आत्माले परिस्थितिहरूद्वारा अगुवाइ गर्नुभएको थियो।



के तपाईंका निम्ति मौकाका ढोकाहरू बन्द भए-जस्तो तपाईंलाई लाग्छ? वरपर हेर्नुहोस्। आत्माले अझै उत्तम मौकाहरूका निम्ति ढोका खोलिदिनुहुन्छ। आफ्ना जीवन बचाउनका निम्ति यरूशलेमबाट

भाग्ने शुरूका ख्रीष्टियानहरूलाई विचार गर्नुहोस्। तर तिनीहरू जहाँ-जहाँ गए तिनीहरूले सुसमाचार प्रचार गरे र आत्माहरू बचाए। झ्यालखानमा परेपछि पौलसले सुसमाचार प्रचार यात्राहरूमा जान सकेनन्, तर त्यहाँ भएकै बेलामा उनले महत्त्वपूर्ण पत्रहरू लेखेका थिए।

के तपाईंका वरपरका अवस्थाहरू डरलाग्दा छन्? तिनीहरूका बारेमा तपाईंले केही गर्न सक्नुहुन्छ भनेर नै परमेश्वरले तपाईंलाई त्यहाँ राख्नुभएको हुन सक्छ। आफूले जे गर्न सकिन्छ सो गर्नको निम्ति पवित्र आत्माको सहायता माग्नुहोस्। तब तपाईंका आँखाहरूलाई खुला राख्नुहोस् र अवस्थाहरूलाई सुधार गर्नको निम्ति काममा जानुहोस्। तपाईं परमेश्वरको एउटा बत्ती हुनुहुन्छ। *अन्धकारको बारेमा गनगन नगर्नुहोस्। तपाईं जहाँ हुनुहुन्छ त्यहीँ चम्कनुहोस्।*

तपाईंले छान्नैपर्ने कुराहरूमा उहाँमा भरोसा गरेर उहाँको सहायता माग्नुहुँदा पवित्र आत्माले तपाईंलाई प्रभावहरूद्वारा अगुवाइ गर्नुहुन्छ। कुनै काम गर्ने बारेमा जब तपाईं विचार गर्नुहुन्छ, यस सम्बन्धमा तपाईंले गहिरो शान्तिको अनुभव गर्नुहुन्छ। तर तपाईंले अरू विकल्पहरूका बारेमा विचार गर्नुहुँदा, तपाईंलाई असजिलो लाग्छ।

एक ख्रीष्टियान व्यापारीले हवाइजहाजको टिकट लिएका थिए, तर यस विषयमा उनलाई असजिलो लाग्यो। यस विषयमा उनी जति विचार गर्थे उनलाई त्यत्ति नै असजिलो लाग्थ्यो। अन्तमा उनले त्यसभन्दा पछि जाने जहाजको टिकट किने। आफू जाने योजना गरेको जहाज दुर्घटना पर्‍यो र त्यसभित्र भएका सबै यात्रुहरू मारिए। पवित्र आत्माले उनको जीवनलाई बचाउनुभयो।

**हितोपदेश १६:९** – मानिसले आफ्नो बुद्धिले आफ्नो यात्राको योजना बनाउँछ, तर परमप्रभुले नै उसको कदम डोऱ्याउनुहुन्छ।



कसैसँग भेट गर्नलाई समय दिएका हुनाले एक पास्टर छिटो-छिटो जाँदै थिए र 'रोकिएर त्यस घरको ढोकामा घचघच्या' भन्ने प्रभाव (बोझ) उनमा आयो। उनले यस्तो विचारलाई वास्तै नगर्ने कोशिश गरे तर यो अझै बलियो भयो। अन्तमा उनी फर्केर त्यस घरमा गए। उनको सहायताको आवश्यकता परिराखेको एक ख्रीष्टियानलाई उनले त्यहाँ भेट्टाए।

आफ्ना मित्रलाई भेट्न जानको लागि एक ख्रीष्टियानलाई आत्तुरी लाग्यो। जब उनी त्यहाँ आइपुगे, आफ्ना मित्रले त आत्महत्या गर्न तयार भएको उनले भेट्टाए। यी ख्रीष्टियानले तिनलाई येशूमा डोऱ्याउन सफल भए र यसरी तिनको जीवन बाँच्यो।

"यो तपाईंकहाँ ल्याइदिनू भनी प्रभुले मलाई भन्नुभयो," भनेर एक जना मानिसले खानेकुराले भरिएको बास्केट ल्याएर एक जना पास्टरलाई दिए। आफूसँग पैसा पनि र खाना पनि नभएको हुनाले पास्टर र उनकी पत्नीले परमेश्वरसँग आफ्ना खाँचोको निम्ति प्रार्थना गरिराखेका थिए।

जब तपाईं पवित्र आत्माले भरिएर उहाँको अगुवाइलाई पछ्याउन सिक्नुहुन्छ, तपाईंको निम्ति जीवनचाहिँ नयाँ-नयाँ कुराहरू पत्ता लगाउने आनन्दित अनुभव बन्छ। उहाँले तपाईंलाई ठूलो उपयोग र आशिष्को जीवनमा डोऱ्याउनुहुनेछ।

**तपाईंको अभ्यासको निम्ति . . .**

८. तपाईंले के गर्नुपर्छ भन्ने कुरा पवित्र आत्माले तपाईंलाई भन्नुभएको के तपाईं चाहनुहुन्छ? ................................

दिनभरिको समयमा कसैलाई सहायता पुऱ्याउनको लागि तपाईंलाई अगुवाइ गर्नको निम्ति यस हप्ताभरि हरेक बिहान उहाँसँग प्रार्थना गर्नुहोस्। उहाँले यो गर्नुहुन्छ भनी आशा राख्नुहोस् र उहाँले यसो गर्नुभएपछि उहाँको आज्ञापालन गर्नुहोस्।

# पवित्र आत्माले तपाईंलाई शक्ति दिनुहुन्छ

**यस पाठमा तपाईंले यी विषयहरू अध्ययन गर्नुहुनेछ. . .**

- धेरै उद्देश्यहरूका निम्ति शक्ति
- शक्तिको प्रतिज्ञा
- पेन्तिकोसको दिनमा पूरा भएको प्रतिज्ञा
- जीवन परिवर्तन पछिको सामान्य अनुभव
- पवित्र आत्माका शक्तिका चिन्हहरू

## ध्यान (मनन्)

तपाईंले भन्नुहुन्छः "के शुरूका चेलाहरूले जस्तै हामीले पनि यस शक्तिलाई त्यही नापमा पाउन सक्छौं?" म भन्छुः "हो पाउन सक्छौ।" मैले हो पाउन सक्छौ *भन्नुको कारणचाहिँ जसरी तिनीहरू अयोग्य र खाँचोमा थिए, त्यसै गरी म पनि छु।* नयाँ करारको समयमा भएका प्रचारकहरूभन्दा उत्तम प्रचारक आज छन् जस्तो मलाई लाग्दैन। *अनि तिनीहरूलाई यस शक्तिको आवश्यकता थियो।*

"यो बप्तिस्मा आज हामीले पाउन सक्छौं?" भनी कुरा नगर्नुहोस्। *यसविना हामी कामै नलाग्ने हुन्छौं।* पवित्र आत्माविनाको ख्रीष्टियान विश्वास खोक्रो, देखावटी र जीवन

कोरिन्थको मण्डली (एकलेसिया)-को यही नै समस्या थियो। आत्माको शक्तिद्वारा अन्य भाषाहरूमा बोलेर तिनीहरू यति आनन्दित भएका थिए कि मण्डली सेवाहरूमा तिनीहरूले असल समयको अनुभव गरेका थिए। तर मण्डली अव्यवस्थित भएको थियो। तिनीहरू पागल भएका छन् भनी बाहिरका मानिसहरूले विचार गरे। सबै कुरा शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ भनी पौलसले तिनीहरूलाई बताए। तिनीहरूले पवित्र आत्माको शक्तिलाई ख्रीष्टबाट आत्माहरू भगाउने किसिमले होइन तर आत्माहरू बचाउने किसिमले प्रयोग गर्न सिक्नैपर्छ।

- *कति मानिसहरूले परमेश्वरलाई महिमा दिनुको सट्ट मानिसहरूका ध्यानलाई आफैतिर खिच्छन्।*

रोगीहरूलाई निको पार्नको निम्ति पवित्र आत्माले यदि कसैलाई विश्वास दिनुभएको छ भने, यसो भनेर कराउनको लागि यो उसलाई दिइएको होइनः "सबै जना मलाई हेर त! आश्चर्यकर्महरू! ममा धेरै शक्ति छ।" अथवा यदि परमेश्वरले कसैलाई अगमवाणीको सन्देश दिन प्रयोग गर्नुभयो भने, सन्देश दिने व्यक्तिले यसो भन्नु उचित हुँदैन, "सबै जनाले मेरा कुरा सुन त! म अगमवक्ता हुँ! के गर्नुपर्छ भन्ने बारेमा तिमीहरू जान्न चाहन्छौ भने मकहाँ आओ!" यस्तो किसिमको घमण्डले धेरै समस्याहरू ल्याउँछ।

- *पवित्र आत्माले तिनीहरूका निम्ति दिनुभएको शक्तिला कोही-कोहीले प्रयोग नै गर्दैनन्।*

यो सबै मानिसहरूले गर्ने साधारण भूल हो। आत्माको शक्तिको दुरुपयोग वा नकल गरेको देख्दा कोही-कोही अलौलिक कुरासँग डराउने गर्छन्। थेसलोनिकाव


> मण्डली (एकलेसिया)-को यही नै समस्या थियो। आत्माहरू परमेश्वरबाट हुन् कि होइनन् भनी जाँच गर्नुपर्छ र परमेश्वरको कामको नकल वा भूटा अगमवाणीहरूलाई इन्कार गर्नुपर्छ भनी पौलसले तिनीहरूलाई बताएका छन्। तर तिनीहरूले नकली कुराहरूसँगसँगै सत्य कुराचाहिँ फाल्नुहुने थिएन।

> **१ थेसलोनिकी ५:१६-२२** – पवित्र आत्मालाई ननिभाओ। अगमवाणीलाई तुच्छ नठान। सबै कुराको जाँच गर। जुन कुरा असल छ, त्यसैमा दृढ़ रहो। सबै किसिमका खराबीबाट अलग बस।

पवित्र आत्माले भरिनु भनेको चाहिँ तपाईंको घरमा बिजुलीको तार लगाउनुजस्तो हो। तपाईं अँध्यारोमा नै बसेर यसो भन्नको निम्ति तार लगाइएको होइनः "अन्तमा मैले बिजुली पाएँ!" बत्ती बाल्नुहोस्। शक्तिको प्रयोग गर्नुहोस्! पवित्र आत्माको शक्तिको उचित प्रयोगको निम्ति परमेश्वरको नमूना तपाईंले प्रेरितको पुस्तकमा पाउनुहुनेछ।

## तपाईंको निम्ति नमूना यही नै हो

अपराध र भ्रष्टाचारले भरिएको समाजमा शुरूका ख्रीष्टियानहरूले पवित्र आत्माको शक्तिमा आफ्ना जीवनलाई शुद्ध र असल राखेका थिए। ख्रीष्टको खातिर तिनीहरूलाई कुटिँदा र भ्यालखानमा हालिँदा तिनीहरूका भित्र भएको शान्ति र आनन्दले गर्दा तिनीहरूले गाउन र परमेश्वरको प्रशंसा गर्न सकेका थिए। आफूमा परमेश्वरको प्रेम पूर्ण भएको



हुनाले आफूलाई कष्ट दिनेहरूलाई तिनीहरूले क्षमा दिए र

तिनीहरूका निम्ति प्रार्थना गरे। शक्तिलाई ठीकसँग प्रयोग गर्नु भनेको यस्तै हो!

तिनीहरूसँग शक्तिशाली सन्देश थियो र शक्तिशाली व्यक्तिगत निर्णयद्वारा नै उनले यसको प्रचार गरेका थिए। आफूले के भनिराखेका छौं भन्ने कुरा तिनीहरूलाई थाहा थियो। ख्रीष्टलाई नपाउने हरेक व्यक्ति नाश हुन्छ, तर उहाँमा विश्वास गर्ने व्यक्तिलाई येशूले उद्धार गर्नुहुन्छ। तिनीहरूले बुद्धि, तर्क र साहससँग बोलेका थिए, जुन तिनीहरूको योग्यताहरूभन्दा बाहिरका कुरा थिए। त्यस शक्तिले सत्य सुन्नेहरूलाई विश्वास दिलायो र पापका दोषी छौं भनी स्वीकार गर्न लगायो।

तिनीहरूमा शक्तिशाली विश्वास थियो। परमेश्वर आफैले प्रतिज्ञा गर्नुभएझैं उहाँ तिनीहरूसँग हुनुहुनेछ र तिनीहरूद्वारा काम गर्नुहुनेछ भन्ने कुरा तिनीहरूलाई थाहा थियो। तिनीहरूले कुँजाहरूलाई येशूको नाउँमा हिँड्ने आज्ञा गरे र तिनीहरू हिँडे। तिनीहरूले प्रार्थना गरे र घटनाहरू भए। बिरामीहरू निको भए। झ्यालखानका ढोकाहरू उघ्रिए। असंख्य पापीहरू परमेश्वरमा फर्के।

येशूले भन्नुभएजस्तै गरी यस शक्तिले शुरूका ख्रीष्टियानहरूलाई साँचो साक्षी बनाएको थियो। येशूको बारेमा आफ्ना सबै छिमेकी-हरूलाई बताउन तिनीहरूमा साहस र आत्तुरी थियो। तिनीहरूले पूरा गर्नु नै पर्ने सेवा त्यहाँ थियो। साहस, प्रेम, ठूलो दर्शन र ख्रीष्टप्रतिको पूर्ण समर्पणले तिनीहरूलाई शहर-शहर र देश-देशमा लगेको थियो। आफ्नो संसारमा भएका प्रत्येक पुरुष र स्त्री र बालक-लाई उद्धारको सुसमाचार सुनाउने निश्चयता तिनीहरूमा थियो।

शुरूको मण्डली (एकलेसिया)-को शक्तिको नमूना यही नै थियो। तिनीहरूको शक्ति पवित्र आत्माको शक्ति नै थियो र उहाँले नै तिनीहरूलाई भर्नुभयो र तिनीहरूद्वारा काम गर्नुभयो। तिनीहरूले गरेका काम पवित्र आत्माले भरिएका जीवनहरूबाट

त्रभावैले आउने कुरा थियो। बाइबलले तिनीहरूका अनुभवहरू पाईंलाई बताएको छ, किनभने आजका ख्रीष्टियानहरूका निम्ति एको नमूना यही नै हो।

### तपाईंको अभ्यासको निम्ति . . .

१. शुरूका ख्रीष्टियानहरूमा पवित्र आत्माको शक्तिको नतीजा प्रकट गर्ने प्रत्येक शब्दको अगाड़ि घेरा लगाउनुहोस्।

| | | | |
|---|---|---|---|
| डर | विश्वास | सन्देश | फिक्री |
| साहस | लोकप्रिय | निको हुने (चङ्गाइ) | |
| दर्शन | रुपियाँपैसा | जीवन परिवर्तन | प्रेम |

## शक्तिको प्रतिज्ञा

येशूले पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुन्छ भनी प्तिस्मा दिने योआनेसले प्रतिज्ञा गरेका थिए। जीवन परिवर्तन । र उनीद्वारा पानीमा बप्तिस्मा लिने सबैका निम्ति यो प्रतिज्ञा इएको थियो।



**मतियोस ३:११**– "मचाहिँ त तिमीहरूलाई पश्चात्ताप-को लागि पानीले बप्तिस्मा दिन्छु, तर मपछि आउनुहुने-

ले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ।''

सबै समयमा ख्रीष्टियानहरूलाई परमेश्वरले ठूलो काम दिनुभएको छ। तिनीहरूले आफ्नै शक्तिमा त्यो काम गर्न सक्दैनन् भन्ने कुरा उहाँलाई थाहा थियो। त्यसैले पवित्र आत्माको शक्ति नपाउञ्जेलसम्म पर्खिरहनु र त्यसपछि तिनीहरू उहाँका गवाह हुनेछन् भनी उहाँले आफ्ना चेलाहरूलाई बताउनुभएको थियो। येशूका आज्ञा र प्रतिज्ञा सबै विश्वासीहरूका निम्ति थियो।

> **लूकास २४:४९**– ''हेर, म मेरा पिताको प्रतिक्षा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही शहरमा बसिरहो।''

> **प्रेरित १:४-५,८**– ''पिताले गर्नुभएको प्रतिज्ञाको प्रतिज्ञा गर. . . किनभने योआनेसले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ। . . .पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ र तिमीहरू यरूशलेममा सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो साक्षी हुनेछौ।''

### तपाईंको अभ्यासको निम्ति . . .

२. प्रेरित १:१-१४ पढ्नुहोस्। ४,५ र ८ पदलाई कण्ट गर्नुहोस्।

## पेन्तिकोसको दिनमा प्रतिज्ञा पूरा भयो

प्रतिज्ञा गरिनुभएको पवित्र आत्मा प्राप्त गर्नलाई येशूक चेलाहरूले के गरे? तिनीहरूमध्ये १२० जनाले प्रार्थना गर्दै र केही कुराको आशा राख्दै पर्खिरहेका थिए। अनि त्यहाँ केही

भयो पनि! पेन्तिकोसको दिनमा तिनीहरूले पेन्तिकोसको अनुभव वा पवित्र आत्माको बप्तिस्मा पाए।



**प्रेरित १:१४**– "यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे।"

**प्रेरित २:१-५,७-८,११,१३**– "जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए। अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो र तिनीहरू बसेको पूरा घरै भरिदियो। आगोका जिब्राहरू तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे।

स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्तहरू र यहूदीहरू त्यस बेला यरूशलेममा बसेका थिए। तिनीहरू सबै आश्चर्यचकित भए, र अचम्म मानेर भन्न लागे, "के यी बोल्नेहरू सबै गालिलीहरू होइनन् र? त कसरी तिनीहरू हरेकले हाम्रा मातृभाषामा. . . परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं!" तर अरूहरूले हाँसो गरेर भने, "तिनीहरू नयाँ मद्यले मातेका छन्।"




यसभन्दा पहिले मानिसहरूले निन्दा गर्लान् भनी पत्रस डराउँथे। पवित्र आत्माको शक्ति प्राप्त गरेपछि उनमा कति ठूलो परिवर्तन आयो! उनले उभिएर शक्तिशाली सन्देश प्रचार गरे। तिनीहरूले देखेका कुरा परमेश्वरको प्रतिज्ञाको परिपूर्ति हो भनी

उनले बताइदिए। परमेश्वरले आफ्ना आत्मा खन्याउनुभएक छ।

**प्रेरित २:१४-१७,४१** – "तर पत्रसले एघार जनासँ खड़ा भएर उच्च स्वरमा तिनीहरूलाई भने, "तपाईंलेहरू ठान्नुभएझैं यिनीहरू मातेका छैनन्,. . . तर योए अगमवक्ताद्वारा भनिएको कुरा यही हो।"

तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्म लिए, र त्यसै दिन प्रायः तीन हजार मानिहरू तिनीहरूक संख्यामा थपिए।



ख्रीष्टियानहरूद्वारा पवित्र आत्माले कसरी काम गर्नुभयो भन्ने कुरा प्रेरितको पुस्तकले हामीलाई बताउँछ। उहाँले तिनीहरूलाई गवाही हुनको निम्ति सुसमाचार प्रचारको निम्ति र ख्रीष्टमा आत्माहरू जित्नको निम्ति सहायता गर्नुभयो।

**तपाईंको अभ्यासको निम्ति . . .**

३. ख्रीष्टियानहरूमा भएको आत्माको कामको नमूना दि पुस्तक कुन हो? ..............................................

४. प्रेरित ४ अध्यायलाई पढ्नुहोस्।

## जीवन परिवर्तनपछिको सामान्य अनुभव

आ-आफ्नो जीवन परिवर्तनपछि सबै विश्वासीहरू पवि आत्माले भरिऊन् भनी प्रेरितहरूले आशा राखेका थिए। पत्रस यसलाई स्पष्ट पारेका छन्:

**प्रेरित २:३८-३९** – पत्रसले तिनीहरूलाई भने, "पश्चात्त

गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानका निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।''

यदि नयाँ विश्वासीहरूले आफ्ना जीवन परिवर्तनपछि पवित्र आत्माको बप्तिस्मा पाएनन् भने, तिनीहरूले पवित्र आत्मा पाऊन् भनी तिनीहरूका निम्ति प्रार्थना गर्नलाई मानिसहरू जान्थे।

**प्रेरित ८:१४-१७**– सामरियाका मानिसहरूले परमेश्वरको वचन ग्रहण गरे भन्ने सुनेर यरूशलेममा रहेका प्रेरितहरूले पत्रस र योआनेसलाई तिनीहरूकहाँ पठाए। उनीहरू त्यहाँ आएर तिनीहरूले पवित्र आत्मा पाऊन् भनेर तिनीहरूका निम्ति प्रार्थना गरे। किनकि त्यतिञ्जेलसम्म तिनीहरूमध्ये कुनैमाथि पनि उहाँ आउनुभएको थिएन। . . . तब तिनीहरूले आफ्ना हात तिनीहरूमाथि राखे, र तिनीहरूले पवित्र आत्मा पाए।

शाऊल (पौलस)-को जीवन परिवर्तन भएपछि उनको निम्ति प्रार्थना गरिदिनलाई प्रभुले हननियालाई पठाउनुभयो।

**प्रेरित ९:१७**– ''उहाँले नै तिमीले दृष्टि पाऊ र तिमी पवित्र आत्माले भरिपूर्णहोऊ भनी मलाई पठाउनुभएको छ।

कर्नेलियस र उनको परिवारले सुसमाचार सुने, विश्वास गरे र तिनीहरूले सत्यतालाई स्वीकार गरेका हुनाले उद्धार पाए। पत्रसले सन्देश सिध्याउनुभन्दा पहिल्यै तिनीहरू पवित्र आत्माले भरिए। एफेससमा भएका विश्वासीहरूको अनुभव अलि फरक थियो। परमेश्वरले तिनीहरूलाई पवित्र आत्माले भर्न चाहनुहुन्छ

भन्ने कुरा आजका ख्रीष्टियानहरूले सुनेजस्तै तिनीहरूले सुनेकै थिएनन्। पौलसले तिनीहरूलाई सोधेः

> **प्रेरित १९:२,६**– "जब तिमीहरूले विश्वास गऱ्यौ के तिमीहरूले पवित्र आत्मा पायौ? उनीहरूले तिनलाई भने, "पवित्र आत्मा हुनुहुन्छ भन्ने त हामीले सुनेका पनि छैनौं।" जब पौलसले उनीहरूमाथि हात राखे, तब पवित्र आत्मा उनीहरूमाथि आउनुभयो।

शुरूको एकलेसिया (मण्डली)-को नमूनाबाट हामीले हेऱ्यौं भने परमेश्वरले आफ्ना सन्तानलाई पवित्र आत्मा र शक्तिले भर्न चाहनुहुन्छ भन्ने कुरा हामी देख्छौं। पवित्र आत्मा र शक्ति कसले प्राप्त गरे त? धनी र गरीब। पुरुष, स्त्री र केटाकेटीहरू। अशिक्षित र शिक्षित। धार्मिक अगुवाहरू भर्खरै मात्र गहिरो पापबाट छुटकारा पाएकाहरू। विभिन्न राज्यका मानिसहरू। रोमी कप्तान कर्नेलियसको घरमा पत्रसले भनेः



> **प्रेरित १०:३४,४७**– "साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न। हामीले झैं यिनीहरूले पनि पवित्र आत्मा पाएका छन्।

**तपाईंको अभ्यासको निम्ति . . .**

५. "परमेश्वरले पक्षपात गर्नुहुन्न" भनी कसले भन्थ्यो?

..............................................................................

## पवित्र आत्माका शक्तिका चिन्हहरू

**अन्य भाषाहरूमा बोल्नु**

पेन्तिकोसको दिनमा जब पवित्र आत्मा आउनुभयो, उहाँले आफ्नो शक्तिका धेरै चिन्हहरू दिनुभयो। मानिसहरूले हूरी-बतासको जस्तै आवाज सुने। तिनीहरूले आगोका जिब्राहरू देखे। अनि आफूले कहिल्यै नसिकेका भाषाहरूमा तिनीहरू बोले। यी चिन्हहरूमध्ये एउटाचाहिँ अर्थात् अन्य भाषाहरूमा बोल्ने चिन्ह अरूहरूले पवित्र आत्मा पाउँदा पनि प्रेरितको पुस्तकमा घरीघरी दोहोरिएको छ। कर्नेलियस र उनका परिवारले पवित्र आत्मा पाए भन्ने कुरा यही चिन्हबाट नै पत्रसले थाहा गरे। यही चिन्ह एफेससमा पनि दोहोरियो। अनुभवहरूलाई तुलना गर्नुहोस्।



**प्रेरित २:४**– "अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारण-बमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे।"

**प्रेरित १०:४४-४७**– "पत्रसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रसको साथमा आउने यहूदी विश्वासीहरू आश्चर्यचकित भए। किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रसले भने, "हामीले झैं यिनीहरूले पनि पवित्र आत्मा पाएका छन्।"

**प्रेरित १९:६**– "जब पौलसले उनीहरूमाथि हात राखे, तब पवित्र आत्मा उनीहरूमाथि आउनुभयो, र उनीहरू अन्य भाषामा बोले र अगमवाणी गरे।"

कुनै व्यक्तिलाई पवित्र आत्माले भर्नुभएको छ भनी देखाउने अलौकिक चिन्हचाहिँ पवित्र आत्माको शक्तिद्वारा बोलिने अन्य भाषाहरू हो। अन्य भाषामा बोल्नुचाहिँ चिन्ह वा प्रमाण हो भनी येशू र पौलस दुवैले बताउनुभएको छ।

> **मर्कूस १६:१७**– "विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्. . . तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्।"
>
> **१ कोरिन्थी १४:२२** – "अन्य भाषाहरू अविश्वासीहरूका निम्ति चिन्ह हो।"

आज पनि पवित्र आत्माले मानिसहरूलाई भर्नुहुँदा उहाँले आफ्नो शक्तिको यही *चिन्हलाई प्रयोग* गर्नुहुन्छ। स्टान्ली एच. फोर्डशामद्वारा लिखित "चिन्हहरू पछि"? जोहन शेरिलद्वारा लिखित *"तिनीहरूले अन्य भाषाहरूमा बोले"*, केबिन र दोरोथी रणघान लिखित *"क्याथोलिक पेन्टिकस्टलहरू"*, र यस्तै किसिमका अन्य धेरै पुस्तकहरूमा उल्लेखित घटनाहरूलाई तपाईंले पढ्न सक्नुहुन्छ। "शान्त बोलाइ"-मा सी. एम. वार्डले बताएका छन् कि पवित्र आत्मामा बप्तिस्मा पाएपछि पहिले कहिल्यै नबोलेका बहिराहरूले बोल्ने गर्छन्।

साधारणतया उपस्थित कसैले पनि भाषा बुझ्दैनन्। तर धेरै पल्ट पेन्तिकोसको दिनमा झैं पवित्र आत्माले कुनै व्यक्तिद्वारा उसले चाहिँ नबुझ्ने तर भेला भएकाहरूमध्ये कसैले बुझ्ने भाषा पनि बोल्नुहुन्छ।



**शक्तिका अन्य चिन्हहरू**

हामीहरू आत्माले भरिनै रहँदा शक्तिका अन्य धेरै चिन्हहरूका बारेमा पनि तपाईंले पढ्नुभएको छः शुद्ध जीवन, परमेश्वरको प्रेम, साहस, र ख्रीष्टमा पूर्ण समर्पण। शक्तिशाली विश्वास, शक्तिशाली प्रार्थना, शक्तिशाली गवाही र शक्तिशाली प्रचारमा शक्तिका चिन्हहरू देखिन्छन्। जीवन परिवर्तन, चङ्गाइ, आत्मामा बप्तिस्मा र मण्डली वृद्धि नतिजाका रूपमा शक्तिका चिन्हहरू नै हुन्। डा. अलेक्जेण्डर म्याकल्यारेनले यसरी लेख्छन्ः

ख्रीष्टको राज्यको घोषणा गर्न र उहाँको मण्डलीले गवाही हुनको निम्ति आवश्यक पर्ने किसिमको शक्ति पवित्र आत्माको शक्तिभन्दा अर्को छैन। आगोको बप्तिस्मामा डुबेको हुनाले हाम्रो जीवनबाट स्वार्थ र घमण्ड नाश हुन्छ र हामी सेवाको निम्ति स्वतन्त्र पारिएका हुन्छौं किनभने हामीलाई बाँध्ने कुरा उहाँको अग्नीमय शक्तिको दयालु अगेनामा जलाइएको छ।

"तिमीहरूका भित्री मनुष्यत्वमा उहाँको आत्माको शक्तिद्वारा तिमीहरू बलिया पारिनेछौ।" यदि तपाईंले चाहनुभयो भने, यही शक्तिले नै तपाईंको स्वभावलाई प्रशस्तसँग भर्नेछ र तपाईंलाई संकष्ट भोग्न, युद्ध गर्न, सेवा गर्न, र तपाईंका प्रभुको निम्ति गवाही हुनको लागि बलियो पार्नेछ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस् . . .

१. विश्वास, सन्देश, सहास, चङ्गाइ, दर्शन, जीवन परिवर्तनहरू, प्रेम
३. प्रेरितको पुस्तक (वा बाइबल)
५. पत्रस

पाठ ६

# पवित्र आत्माले तपाईंलाई भर्नुहुन्छ

**यस पाठमा तपाईंले यी विषयहरू अध्ययन गर्नुहुनेछ. . .**

- अरूहरू पनि भरिइराखेका छन्
- पवित्र आत्मालाई स्वागत गर्नुहोस्
- विश्वास गर्नुहोस् र प्राप्त गर्नुहोस्
- पवित्र आत्मामा समर्पण गर्नुहोस्

## ध्यान (मनन्)

परमेश्वरलाई खोजी गर्नेहरू *यस कुरामा निश्चित हुनुपर्छ कि आत्माले भरिने अनुभव वास्तवमा सम्भव छ. . .* र आत्माले भरिनुचाहिँ उद्धारमा भएको परमेश्वरको पूर्ण योजनाको अंश हो। यसमा केही कुरा थपिएको छैन र यसमा कुनै अनौठो कुरा छैन, तर यो ख्रीष्टको प्रायश्चितिक काममा आधारित भई यसैबाट वृद्धि भइराखेको परमेश्वरको आत्मिक कार्य हो। सबै कुरा सामान्य र ठीक छन् भनी उसले विश्वास गर्नैपर्छ। यस विषयमा ऊ निश्चित नहुञ्जेलसम्म उसले उपवाससहित प्रार्थना गरोस् र वचनमा मनन् गरोस् भनी म सल्लाह दिन्छु। विश्वास चाहिँ परमेश्वरको वचनबाट आउँछ।

आफू पवित्र आत्माले भरिन सक्छु भनी एक व्यक्ति निश्चित भइसकेपछि, *भरिनको लागि उसले इच्छा गर्नैपर्छ।*

इच्छुक व्यक्तिलाई म यसरी प्रश्न गर्छुः पवित्र, भला, बुद्धिमान् र प्रेमी पवित्र आत्मा जो तपाईंको जीवनको प्रभु बन्न चाहनुहुन्छ, के तपाईं यी आत्माले भरिन चाहनुहुन्छ? लिखित वचनप्रति आज्ञाकारी हुनैपर्छ भनी जोड दिनुहुने आत्मालाई के तपाईं आफ्नो व्यक्तित्व सुम्पन्न चाहनुहुन्छ? यिनै आत्मा जसले तपाईंको जीवनमा भएका स्वार्थ र सुख-विलासका पापहरूलाई सहन सक्नुहुन्न! जसले तपाईंलाई घमण्ड गर्न वा सेखी गर्न अनुमति दिनुहुन्न! उहाँले तपाईंको जीवनलाई लिएर उहाँ आफैले त्यसलाई निर्देशन गर्नुहुनेछ र तपाईंलाई जाँच्न र अनुशासन गर्नको निम्ति सम्पूर्ण अधिकार उहाँमा नै हुनेछ। गोप्य रूपमा तपाईंको आत्मालाई नोक्सान पुऱ्याउने किसिमका तपाईंले धेरै प्रेम गर्नुहुने वस्तुहरूलाई उहाँले तपाईंबाट टाढ़ा हटाइदिनुहुन्छ! यी सबै कुराहरू गर्नको निम्ति म उहाँलाई स्थान दिन्छु भनी जबसम्म तपाईं सहमति हुनुहुन्न, तपाईं आत्माले भरिन चाहनुहुन्न। तपाईं उत्साह, विजय वा शक्ति पाउन चाहनुहुन्छ होला, तर वास्तवमा तपाईं आत्माले चाहिँ भरिन चाहनुहुन्न।

## अरूहरू पनि भरिइरहेका छन्

परमेश्वरले पेन्तिकोसको दिनभन्दा पनि अझ धेरै अहिले आफ्ना आत्मा सबै मानिसहरूमाथि खन्याइरहनुभएको कुरा के तपाईंलाई थाहा छ? योएलको अगमवाणी केही अंशमा त्यस बेला पूरा भयो र अहिले ठूलो मात्रामा पूरा भइराखेको छ।

> **प्रेरित २:१७**– "आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु।"



ई.सं. ३०० र १६००-को बीचमा केही व्यक्तिहरू र समूहहरूले निरन्तर रूपमा पवित्र आत्मामा बप्तिस्मा पाइरहेका थिए। अगस्टिन, जेभिएर, वाल्डेन, जिन्जेन्डर्फ, फिन्नी र शुरूका धेरै मेथोडिस्ट र क्वेकरहरूले पेन्तिकोसको अनुभव र शक्ति पाएका थिए।

ई.सं. १९००-मा परमेश्वरले सारा संसारभरि नै आफ्ना सन्तानमाथि पवित्र आत्मा खन्याउन शुरू गर्नुभयो। त्यसपछि पेन्तिकोसको जागृति बढ़िराखेको छ। अहिले संसारभरि करोड़ौं पेन्टिकस्टल विश्वासीहरू छन्। यसको साथसाथै ब्यप्टिस्ट, लुथरन, प्रेस्बिटेरियन, मेथोडिस्ट, क्याथोलिक र अन्य मण्डली (एकलेसिया)-हरूमा लाखौं मानिसहरू पवित्र आत्मामा भरिइराखेका छन्।

को-को पवित्र आत्माले भरिइराखेका छन् त? परमेश्वरका निम्ति भोकाउने र तिर्खाउनेहरू नै पवित्र आत्माले भरिइराखेका छन्। धेरै समय प्रार्थनामा बिताउनको निम्ति कति जना त भोकै नि बस्छन्। आत्माको भोकचाहिँ शरीरको भोकभन्दा पनि महत्त्वपूर्ण भएको हुन्छ।

**भजनसंग्रह ४२:२**– "मेरो आत्मा परमेश्वरको निम्ति, जीवित परमेश्वरको निम्ति तिर्खाउँछ।"

**योआनेस ७:३७-३९**– "येशूले उभिएर उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्छ, त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्। तर यो कुरा उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको

थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए।''

जस-जसले आफ्नो जीवन पवित्र आत्माको अधीनमा दिन चाहन्थे तिनीहरूलाई नै पवित्र आत्माले भर्नुहुन्थ्यो। तिनीहरूले आफ्नो मन, भावना, इच्छा र शरीर परमेश्वरमा समर्पण गरे। यसरी परमेश्वर आफूले चाहनुभएजस्तै गरी तिनीहरूलाई प्रयोग गर्न सक्नुहुन्थ्यो।

**तपाईंको अभ्यासको निम्ति . . .**

१. प्रेरित २:१७-लाई कण्ठ गर्नुहोस्।

## पवित्र आत्मालाई स्वागत गर्नुहोस्

आफ्ना घनिष्ठ मित्र आफूलाई भेट्न आउँदै हुनुहुन्छ भन्ने खबर पाएपछि तपाईंले के गर्नुहुन्छ? तपाईंले आफ्नो घर सफा गर्नुहुन्छ र आफ्ना मित्रलाई स्वागत गर्न तयार भएर बस्नुहुन्छ। तपाईंका मित्र पवित्र आत्मा तपाईंमा आउनुभएर तपाईंलाई भर्न चाहनुहुन्छ। सालभेसन आर्मी संस्थाका स्थापक सेनापति विलियम बुथले यसरी लेखेका छन्ः



आगोको बप्तिस्मा पाउनलाई हामीले घुँडा टेक्नुभन्दा पहिले, तपाईंले खोजिराख्नुभएको पवित्र आत्माको इच्छा र उद्देश्यसँग तपाईंको मिलाप छ कि छैन सो हेर्नुहोस्। पवित्र आत्माको बप्तिस्मा प्राप्त गर्ने सञ्चारको कुलो खुला भएकै हुनुपर्छ भन्ने कुरालाई याद गर्नुहोस्। पानी पाउनै नसकेका मानिसहरूका बारेमा मैले सुनेको छु। तिनीहरूले कलधारालाई घरीघरी खोले,

तर त्यहाँ कुनै पानी नै आएन। पानी टङ्कीमा चाहिँ पानी प्रशस्तै थियो। पाइपहरू, कलधाराहरू र जोड़का ठाउँहरू सबै ठीकै थिए, तर पानीचाहिँ आएन। अन्तमा तिनीहरूले पाइप झिके र त्यसभित्र मुसा भेट्टाए। यदि तपाईंले गर्नुपर्ने केही कुरा गर्नलाई इन्कार गर्नुभएको छ भने धारा घुमाउँदैमा, प्रार्थना गर्दैमा, गीत गाउँदैमा, वा विश्वास गर्दैमा केही पनि फाइदा हुँदैन। कुनै मूर्ति वा केही दोषले तपाईंलाई समातिराखेको छ, तर तपाईं त्यसलाई त्याग्न चाहनुहुन्न, पाइपमा केही अड्किएकोजस्तो यो हो। यसलाई त्याग्नुहोस्। यसलाई कुनै आरामै नदिनुहोस्। यसबाट स्वतन्त्र हुनुहोस्। तपाईंका मूर्तिहरू, बाधाहरू र रोकहरूलाई सधैंको निम्ति नाश गरिदिनुहोस्। तपाईं र परमेश्वरका बीचमा खुला सञ्चार हुन सकोस्। सबैलाई जान दिनुहोस्, र तपाईं घुँड़ा टेकेको ठाउँबाट उठ्नुभन्दा पहिले तपाईं पूरा रूपले भरिनुहुनेछ। यसको शक्ति संसारले पनि अनुभव गर्नेछ, र परमेश्वरको ठूलो महिमा हुनेछ।

**तपाईंको अभ्यासको निम्ति . . .**

२. यस खण्डलाई फेरि पढ्नुहोस्। कुनै बाधा छ भने देखाउनुहोस् भनी परमेश्वरसँग बिन्ती गर्नुहोस्।

## विश्वास गर्नुहोस् र प्राप्त गर्नुहोस्

तपाईंले विश्वासद्वारा उद्धार पाउनुभएझैं पवित्र आत्माको बप्तिस्मा पनि विश्वासैद्वारा पाउनुहुनेछ। तपाईंले उहाँको प्रतिज्ञालाई विश्वास गर्नुहोस् र उहाँले गर्नुहुने वरदानलाई ग्रहण गर्नुहोस्। विश्वास गर्न र प्राप्त गर्नको निम्ति सहायता पुऱ्याउने केही प्रतिज्ञाहरू यहाँ छन्। ती तपाईंकै हुन्। तिनीहरूलाई कण्ठ गर्नुहोस् र आफूले सुन्ने गरी घरीघरी भनिराख्नुहोस्। त्यहाँ

भएका सत्यताहरूलाई जब तपाईंले महसूस गर्नुहुन्छ, तपाईंको निम्ति भएको परमेश्वरको वरदान स्वीकार गर्न तपाईंलाई सजिलो पर्छ।

> **लूकास ११:९,११-१३**– "माग, त तिमीहरूलाई दिइनेछ। खोज, त तिमीहरूले भेट्टाउनेछौ। ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ। तिमीहरूमध्ये कुनचाहिँ बाबु होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला? अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला? तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्न।"



परमेश्वरमा विश्वास गर्नुहोस्। उहाँसँग माग्नलाई नडराउनुहोस्। अनि पवित्र आत्माको शक्ति तपाईंमा आउँदा पनि नडराउनुहोस्। परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ। तपाईं उहाँको बालक हुनुहुन्छ। उहाँले तपाईंलाई माछाको सट्टा सर्प दिनुहुन्छ!

> **प्रेरित २:३८-३९**– "पश्चात्ताप गर, र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले

बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले

**प्रेरित ५:३२**– "परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई पवित्र आत्मा दिनुभएको छ।"

वरदान पाउनको निम्ति त्यो वरदान तपाईंकै हो भनी तपाईंले विश्वास गर्नुपर्छ, सो दिने व्यक्तिलाई धन्यवाद चढ़ाउनुपर्छ, र यसलाई प्राप्त गर्नको निम्ति आफ्नो हात अगाड़ि बढ़ाउनुपर्छ। तपाईंले त्यसलाई समात्नुहोस् र आफ्नै बनाउनुहोस्। यसै गरी तपाईंले परमेश्वरको प्रतिज्ञालाई पनि विश्वास गर्नुहुन्छ। तपाईं उहाँकहाँ जानुहोस् र उहाँले दिनुभएको वरदानको निम्ति उहाँसँग बिन्ती गर्नुहोस्। यसको निम्ति तपाईं परमेश्वरलाई धन्यवाद दिनुहोस् र यो तपाईंको आफ्नै हो भनी यसलाई स्वीकार गर्नुहोस्। तपाईंलाई भर्नको निम्ति पवित्र आत्मा तपाईंमा आउनुहुन्छ भनी तपाईं विश्वास गर्नुहुन्छ। उहाँलाई आफ्नो इच्छा, आफ्ना अभिलाषाहरू र उद्देश्यहरू सुम्पिदिनुहोस् र उहाँलाई तपाईंको जीवनमा पहिलो स्थान दिनुहोस्। जब तपाईं यसो गर्नुहुन्छ, उहाँले तपाईंलाई भर्नुहुनेछ। अनि तपाईंले यो थाहा पाउनुहुनेछ।



**गलाती ३:२,१४**. . . तिमीहरूले पवित्र आत्मालाई व्यवस्थाका कामहरूद्वारा पायौ, कि सुनेका वचनमा विश्वास गरेर? . . . हामी विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सक्छौं।

**तपाईंको अभ्यासको निम्ति . . .**

३. प्रेरित २:३८-३९; ५:३२; लूकास ११:९,११-१३ कण्ठ गर्नुहोस्। तपाईं आफ्नै निम्ति तिनीहरूलाई दावी गर्नुहोस्।

## पवित्र आत्मामा समर्पण गर्नुहोस्

आफू पवित्र आत्माले भरिएको तपाईं चाहनुहुन्छ, यसरी तपाईंलाई उहाँले अगुवाइ गर्न सक्नुहुन्छ, तपाईंद्वारा प्रार्थना गर्नुहुन्छ, तपाईंले गवाही दिनुभएको बेलामा ठीक वचनहरू तपाईंलाई दिनुहुन्छ र उहाँको आश्चर्यकर्म गर्ने शक्तिको निम्ति विश्वास गर्नलाई उहाँले तपाईंमा विश्वास राखिदिनुहुन्छ। यस किसिमको जीवनमा प्रवेश गर्नको निम्ति पवित्र आत्माको बप्तिस्माचाहिँ अभिषेक हो। पवित्र आत्माको बप्तिस्मामा तपाईंले यस कार्यको केही अंशलाई अनुभव गर्नुहुनेछ। यो एक किसिमको ढोकाजस्तो हो, जसबाट तपाईं आत्माले भरिएको र आत्माले निर्देशित भएको जीवनमा प्रवेश गर्नुहुनेछ। जब तपाईं प्रवेश गर्नुहुन्छ, तपाईंले आफ्नो मन, भावनाहरू, इच्छा र शरीरलाई पूर्ण रूपले समर्पण गर्नुहुनेछ।

आत्माले भरिनको लागि प्रार्थना गर्नेहरूले प्रायःजसो समर्पणको चिन्ह र पवित्र आत्मालाई आफ्नो जीवन अधीन गर्न दिने निश्चयताको चिन्हको रूपमा आ-आफ्ना हातहरू उठाउने गर्छन्। समर्पणका भजनहरू गाउँदा-गाउँदै कोही व्यक्तिहरूले पवित्र आत्माको बप्तिस्मा पाउँछन्।

**तपाईंको अभ्यासको निम्ति . . .**

४. तपाईंको जीवनलाई पवित्र आत्माको अधीनमा सुम्पन-को लागि तपाईंले गर्नुपर्ने चार कुराहरूको नाम उल्लेख गर्नुहोस्।

..........................................................................

..........................................................................

**तपाईंको मनलाई समर्पण गर्नुहोस्**

प्रार्थना गर्न साक्षी दिनको निम्ति तपाईंलाई सहायता पुऱ्याउन पवित्र आत्मा आउनुहुन्छ। के कुराको निम्ति परमेश्वरलाई धन्यवाद दिनुपर्ने हो सो कुरा उहाँले तपाईंको मनमा ल्याइदिनुहुन्छ भनी तपाईंले आशा गर्न सक्नुहुन्छ। पवित्र आत्माको आज्ञा पालन गर्नुहोस्। जब तपाईंले यसो गर्नुहुन्छ, उहाँले तपाईंकै भाषामा वा उहाँले चुन्नुभएको आफ्नै भाषामा तपाईंद्वारा प्रार्थना गर्नुहुनेछ।

**तपाईंका भावनाहरूलाई समर्पण गर्नुहोस्**

तपाईंको भावनात्मक स्वभाव तपाईंकै हो र पवित्र आत्मालाई यो दिनुहोस्। प्रार्थना गर्दा तपाईंलाई रुन मन लाग्यो भने,



आँसुहरूलाई नरोक्नुहोस्। पवित्र आत्माले तपाईंमा भेट्टाउनुभएको कठोरता, स्वार्थ, घमण्ड, शङ्का र परमेश्वरप्रतिको अनादरलाई भाँच्नुभएको होस्। उहाँले तपाईंलाई कायल बनाउनुभएको होस्, शुद्ध बनाउनुभएको होस् र उहाँले तपाईंजस्तो भएको चाहनुहुन्छ तपाईंलाई त्यस्तै बनाउनुभएको होस्। पापमा पतन भएका आफ्ना मित्रहरू र आफन्तहरू वा कहिल्यै पनि सुसमाचार

नसुन्ने करोड़ौं व्यक्तिहरूका निम्ति आँसु बगाउनुहोस्। आत्माहरूका मुक्तिको निम्ति यो तपाईंमा भएको पवित्र-आत्माको कार्य हो।

जब पवित्र आत्माले तपाईंलाई भर्नुहुन्छ, उहाँले तपाईंलाई यति ठूलो प्रेम दिनुहुन्छ, कि तपाईंले परमेश्वरलाई आफ्नो पूरा प्राणले आराधना र प्रशंसा गर्नुहुनेछ। अथवा तपाईं धेरै नै आनन्दित हुनुभएको हुनाले यसको निम्ति तपाईंलाई हाँसोजस्तै लाग्छ। आत्माबाटको यस प्रेम र आनन्दलाई प्रकट गर्नुहोस्।

**१ पत्रस १:८**– "तिमीहरू अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ।"



**रोमी १४:१७**– "किनभने परमेश्वरको राज्य. . . पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो।"

परमेश्वरका आशिष्हरू विभिन्न व्यक्तिहरूलाई बेग्लाबेग्लै किसिमले आउँछन् भन्ने कुरालाई याद गर्नुहोस्। कोही-कोही व्यक्तिहरू पवित्र आत्माले भरिँदा तिनीहरूले त्यति ठूलो भावनाको प्रकट गर्दैनन्। त्यसैले यस विषयमा फिक्री नगर्नुहोस् वा आफूलाई भावनात्मक किसिमले प्रकट गर्ने कोशिश पनि नगर्नुहोस्। बेन्जामिन ए. बउर भन्छन्:

> तपाईंले प्राप्त गर्नुभएको *भावनाको* हिसाबमा तपाईंमाथि आउनुभएको पवित्र आत्माको शक्तिलाई ठीक किसिमले नाप्न सकिँदैन, तर भित्र भएको *विश्वासद्वारा* मात्र नाप्नुपर्छ। *तपाईंको शारीरिक मनुष्यत्वमा भावनाको कुनै अंश उत्पादन नगरीकनै* तपाईंद्वारा पवित्र आत्माको शक्तिले काम गरिराखेको हुन सक्छ। तर पवित्र आत्माले भरिएको स्त्री वा पुरुषमा जहिले पनि पूरा *विश्वास* र *प्रेम* भई नै रहन्छ।

**तपाईंको इच्छालाई समर्पण गर्नुहोस्**

तपाईंले आफ्नो जीवनलाई पवित्र आत्माको पूर्ण अधीनमा राख्नको निम्ति उहाँलाई निमन्त्रणा गर्नुभएको छ। उहाँले यो कसरी गर्नुपर्छ भन्ने सम्बन्धमा उहाँसँग वादविवाद गर्न शुरू नगर्नुहोस्। अरूको जस्तै अनुभव हुनैपर्छ भनी जोड नदिनुहोस्। तपाईंको निम्ति उहाँसँग जे छ त्यसलाई ग्रहण गर्नुहोस्। कोही व्यक्तिहरूले परमेश्वरको शक्तिको विरोध गर्छन्, किनभने यसले आफूलाई मूर्ख बनाउँछ कि भन्ने कुरामा तिनीहरू डराउँछन्। मानिसहरूले तपाईंको निन्दा गर्दैमा के हुन्छ र? तिनीहरूले येशू र पौलसलाई पागल भने र पेन्तिकोसको दिनमा आत्माले भरिएका विश्वासीहरूलाई मद्य पिएर मातिएका भने। हामी स्वार्थलाई इन्कार गरौं र परमेश्वरकै इच्छा पूरा हुन सकोस्।

**तपाईंको शरीरलाई समर्पण गर्नुहोस्**

पवित्र आत्माले तपाईंको शरीर, मन र भावनात्मक स्वभावलाई भर्नुहुन्छ। तपाईंले पवित्र आत्माको शक्तिको निम्ति प्रार्थना गर्नुभएको छ। उहाँले तपाईंलाई यस शक्तिको अनुभव दिनुहुन्छ र यसरी यो साँचो हो भन्ने कुरा तपाईंलाई थाहा हुन्छ।



बाइबल समयमा भएजस्तै पवित्र आत्माको शक्तिलाई मानिसहरूले शारीरिक रूपमा भिन्नाभिन्नै किसिमले प्रतिउत्तर दिएका छन्। मोशा कामेका थिए। दानियल मरेतुल्य भएर मरे। दाऊद खुशी भएर पवित्रस्थानको सन्दूकको अगाड़ि नाचे। कुँजो मानिस निको भएपछि आनन्दले उफ्र्यो।

पेन्तिकोसको दिनमा पवित्र आत्माले १२० जनाका जिब्राहरूलाई अधीन गरी बोल्नको निम्ति तिनीहरूलाई वचन दिनुभएको हुनाले तिनीहरूले अन्य भाषाहरूमा बोले।

हाम्रा शरीरका अङ्गहरूमध्ये जिब्रोलाई अधीन गर्नुचाहिँ सबैभन्दा कठिन छ भनी बाइबलले बताउँछ। बोल्न नपर्ने कुराचाहिँ हामी छिट्टै बोल्छौं र बोल्नै पर्ने कुराचाहिँ हामी बोल्दैनौं। यसैले अब हामी हाम्रा जिब्राहरूलाई पवित्र आत्मामा समर्पण गर्छौं र परमेश्वरको महिमाको निम्ति ती प्रयोग गर्न हामीलाई सहायता गर्नुहोस् भनी हामी उहाँसँग बिन्ती गर्छौं। उहाँले हाम्रा जिब्राहरूलाई अधीन गरेर परमेश्वरसँग प्रार्थना गर्न र उहाँको प्रशंसा गर्नको निम्ति हामीलाई नयाँ भाषा दिनुभएको वास्तविकताले यही देखाउँछ कि उहाँले तिनीहरूलाई स्वीकार गर्नुभएको छ।

मानिसहरूले पवित्र आत्माको यस कामलाई विभिन्न किसिममा प्राप्त गरेका छन्। कोही-कोही समस्याहरू, छटपटीहरू वा शङ्काहरूविना नै एक्कासि स्पष्ट रूपले बोल्न शुरू गर्छन्। तिनीहरूले आफ्नो बोल्ने अङ्गहरूलाई पवित्र आत्माको निर्देशनमा चलाउँछन्। अरूहरूले अलि-अलि गरेर पवित्र आत्माको शक्तिलाई प्रयोग गर्छन्। कति जनाले त आफ्नै भाषामा स्पष्टसँग बोल्नको लागि अप्ठ्यारो मान्दै आफ्नो जिब्रो लठ्याब्रो भएको महसूस गर्छन्। पवित्र आत्माले एक वा दुइ शब्दहरू दिनुभएपछि कोही-कोहीले चाहिँ केटाकेटीहरूले बोल्न सिकेझैं घरीघरी दोहोऱ्याउने गर्छन्। तर तिनीहरूले प्रत्येक समय प्रार्थना गर्दा पवित्र आत्माको अगुवाइ पछ्याए भने, उहाँले तिनीहरूका जिब्रोलाई अधीन गर्नुहुन्छ र तीद्वारा स्पष्टसँग बोल्नुहुन्छ।

अझै अरूहरूले आफूले नै नबुझ्ने विशेष शब्द वा शब्द-हरू बोल्ने गहिरो प्रेरणाको अनुभव गर्छन्। तिनीहरूले विश्वासमै

आत्माको यस अगुवाइलाई ग्रहण गर्छन् र वचनहरू बोल्छन्। जब तिनीहरूले यसो गर्छन्, पवित्र आत्माले तिनीहरूका जिब्राहरूलाई आफ्ना अधीनमा लिनुहुन्छ र यसरी तिनीहरू अन्य भाषामा बोल्न शुरू गर्छन्। अब तिनीहरू आ-आफ्ना मनबाट निस्केका शब्दहरूमा होइन तर सीधै अलौकिक शक्तिद्वारा बोल्छन्।

प्रेस्विटेरियन चर्चको मिशनरी भएर भारतमा काम गर्दा रवर्ट क्युमिङ्गसको अनुभवलाई यहाँ छोटकरीमा उल्लेख गरिएको छः

> "हे परमेश्वर तपाईंलाई महिमा होस्" भनी मैले परमेश्वरलाई प्रशंसा गरिराखेको थिएँ। एक्कासि उहाँले मलाई यसो भनेको जस्तो लाग्यो, "मेरो महिमाको निम्ति फिक्री गरेर तैंले मेरो प्रशंसा र मेरो महिमाको निम्ति प्रार्थना गरेको छैनस्, तर आफ्नो बप्तिस्माको चाहना गरेर नै तैंले त्यसो गरेको होस्।" म सेवा (सङ्गति) मै फर्कें र उहाँले मलाई सिकाउनुभएझैं मैले तुरुन्तै प्रार्थना गर्न शुरू गरें। हे परमेश्वर! यस सेवामा उपस्थित भएका *तपाईंका* छोराछोरीहरू र ममा तपाईं उच्च र महिमित पारिनुभएको होस्।"



जब मैले ईमानदारीसाथ यसरी प्रार्थना गरें, वेदनाको आत्माले मलाई नक्रेको जस्तो लाग्यो। परमेश्वर प्रेम र महिमाको अति योग्य हुनु भए पनि उहाँलाई प्रेम र महिमा नगरिएकोमा मेरो हृदय फुटेर आयो।

परमेश्वरको महिमाको निम्ति डाहीं जलिराखेको इच्छाको आत्माले मलाई ...रेपछि मैले अचम्म र महान् आनन्द र

स्वतन्त्रताको अनुभव गरें। मैले आफैलाई परमेश्वरको प्रेमको हृदयमा भएकी र मलाई बाँध्ने सबै कुराहरूबाट स्वतन्त्र भएको अनुभव गरें। म यस आनन्दको निम्ति खूबै हासेँ– मेरा शङ्काहरू र डरहरू देखेर म हाँसे, मेरो आत्माका शत्रुहरूमाथि म हाँसे र मलाई हमला गर्ने सबै चिन्ताहरूमाथि भएको विजयताको आनन्दले म हाँसे।

उहाँको पवित्रता, उहाँको न्याय, उहाँको धार्मिकता र उहाँको भलाइको निम्ति प्रशंसा गर्न आत्माले मलाई सिकाउनुभयो। त्यसपछि उहाँको राज्य आओस् भन्ने सम्बन्धमा उहाँको हृदयको इच्छाको वेदना उहाँले मलाई सिकाउनुभयो। ख्रीष्ट मुकुट पहिरिनुभएको राजा हुनुभएको होस् भनी पवित्र आत्माले गर्नुभएको चाहना हामीले जानेको मात्र भए कस्तो हुने थियो।

उहाँले मलाई सिकाउनुभएको अर्को पाठचाहिँ स्वर्गमा झैं यस पृथ्वीमा पनि उहाँको इच्छा पूरा होस् भन्ने परमेश्वरको डाही इच्छाको बारेमा हो। उहाँले व्यक्तिगत रूपले नै मसँग व्यवहार गर्न शुरू गर्नुभयो। उहाँकै महिमाको निम्ति मेरा सबै अङ्गहरू र मेरो पूरै शरीर बनाइएको हो भनी उहाँले मलाई देखाउनुभयो।

यी सबै कुराहरू हुँदा मेरो शरीरमाथि ठूलो शक्ति खन्याइएको थियो। यो शक्ति बुद्धिमान् र अनन्त शक्ति थियो, तर मेरो इच्छाको सहमतिविना यस शक्तिले ममा काम गर्न चाहेको थिएन।

अब मैले मेरो बोली प्रयोग गरी ख्रीष्टको महिमा गर्नुपर भनी उहाँले मलाई स्पष्ट पार्नुभयो। संसारका पाप उठा लैजानुहुने परमेश्वरको थुमा, निको पार्नुहुने व्यक्ति, आत्मा आगोमा बप्तिस्मा दिनुहुने र आउनुहुने राजाका रूपमा ख्रीष्टला



महिमा गर्नको निम्ति मेरो जीवन उहाँलाई दिएको उहाँले मलाई चाहनुहुन्छ।

उहाँले उच्चारण दिनुभएअनुसार बोल्नको निम्ति मेरो जिब्रोलाई उहाँले चाहनुभएको छ भनी उहाँले मलाई थाहा दिनुभयो। जब मैले उहाँलाई यसो गर्न दिएँ मैले थाहा नपाएको वा नबुझ्ने भाषामा नै उहाँ मद्वारा बोल्नुभयो। किन? म भन्न सक्दिनँ। तर मलाई यति मात्र थाहा छ कि परमेश्वरसँग रहस्यका कुराहरू बोल्न पवित्र आत्माले मेरो जिब्रोलाई प्रयोग गर्नुभएको कुरा उहाँले मलाई अनुभव दिनुभयो र उहाँले उच्चारण दिनुभएअनुसार जिब्रोलाई लिएर परमेश्वरको आराधना गर्दै उहाँ आफैले भरिराखेको र भरिँदैगरेको मन्दिरमा आफ्नो छाप लगाउनु अति नै उपयुक्त कुरा थियो। उहाँले दिनुभएको यस्तो भाषा मेरो आफ्नै शक्तिले म कहिल्यै बोल्न सक्ने थिइनँ।

दुइवटा पातहरूलाई भिन्नाभिन्दै किसिमले निर्माण गर्ने परमेश्वरले आफ्नै इच्छाअनुसार तपाईंलाई पवित्र आत्माले भर्नुहुनेछ। कति जना त जीवन परिवर्तन हुनेबित्तिकै पवित्र आत्माले भरिइहाल्छन्। अरूहरूले धेरै प्रार्थना गरेपछि मात्र प्राप्त गर्छन्। कति जनाले पवित्र आत्माको बप्तिस्मा पाउँदा वेदीमा घुँड़ा टेकिराखेका हुन्छन्। अरूहरू बसिरहेका वा उभिरहेका हुन्छन्। कोही-कोही घरमा नै प्रार्थना समूहमा हुन्छन्। अरूहरूले गाइरहेका, बाइबल पढ़िरहेका वा आ-आफ्नो काम गरिरहेका हुन्छन् र एक्कासि परमेश्वरको महान् प्रेमले तिनीहरूलाई भरिदिन्छ र तिनीहरू उहाँलाई प्रशंसा गर्न थाल्छन् र पवित्र आत्माले भरिन्छन्।

हुन सक्छ, तपाईं आत्माले भरिनुभएको होला तर तपाईं जति भरिनुपर्ने हो त्यति आफूमा आत्माको पूर्णता नभएको तपाईंले महसूस गर्नुभएको होला। शुरूका ख्रीष्टियान-हरूले गरेजस्तै गर्नुहोस्ः उहाँले तपाईंलाई पूर्ण रूपमा भर्नको लागि उहाँलाई स्थान दिनुहोस्।



**पवित्र आत्मामा भरिइरहनुहोस्**

अरू व्यक्तिहरू पवित्र आत्मामा भरिइराखेको घटनालाई अब तपाईं देख्नुहुन्छ, तपाईंले यो महसूस गर्नुहुन्छ कि परमेश्वरले पक्षपात गर्नुहुन्न। उहाँले अरूहरूका निम्ति जे गरिरहनुभएको छ, उहाँले तपाईंको निम्ति पनि गर्नुहुनेछ। तपाईंको जीवन परिवर्तन भएको कति भयो, तपाईं अहिले कहाँ हुनुहुन्छ र तपाईंले अहिले के गर्दैहुनुहुन्छ भन्ने कुराहरू त्यत्ति महत्त्वपूर्ण होइनन्। महत्त्वपूर्ण कुराचाहिँ तपाईंको प्रवृत्ति, परमेश्वरको निम्ति भएको तपाईंको भोक र तीर्खा, उहाँका आज्ञापालन गर्न चाहने इच्छा र उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ भन्ने विश्वास नै हुन्। आफूलाई उहाँमा समर्पण गर्नुहोस् र तपाईं जहाँ हुनुहुन्छ त्यहीँ नै उहाँले तपाईंलाई भर्नुहुनेछ।

तपाईंले सिक्नुभएका कुराहरूलाई व्यवहारमा लगाउनुहुँदा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्। तपाईंको निम्ति हामी यो प्रार्थना गर्छौंः

> **कलस्सी** १ःल९-११– "यसैकारण हामीले त्यो सुनेको दिनदेखि उहाँको इच्छाको ज्ञानले सारा आत्मिक वृद्धि र

समभमा तिमीहरू पूर्ण होओ भनेर बिन्ती गर्दै तिमीहरूका निम्ति प्रार्थना गर्न छोड़ेका छैनौं, र उहाँलाई पूर्ण रूपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक। उहाँको महिमित शक्तिअनुसार आनन्दसाथ सबै सहनशीलता र धैर्यको लागि तिमीहरू सारा शक्तिसित बलिया होओ।''

**तपाईंको अभ्यासको निम्ति . . .**

५. अहिले नै प्रार्थना गर्नुहोस्। तपाईंले कण्ठ गर्नुभएका प्रतिज्ञाहरूलाई उद्धृत गर्नुहोस्। ती प्रतिज्ञाहरूका निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस्। आफ्ना आत्मा पठाउनुभएकोमा परमेश्वरलाई धन्यवाद दिनुहोस्। पवित्र आत्मालाई निमन्त्रणा गर्नुहोस् र उहाँमा समर्पित हुनुहोस्।

६. अब ४-६ पाठहरूको विद्यार्थी प्रतिवेदन भर्नलाई तपाईं तयारी भइसक्नुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस्, त्यसपछि तपाईंको विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंले आफ्नो उत्तर-पृष्ठ निर्देशककहाँ पठाउनुहुँदा अर्को पाठ्यपुस्तकको बारेमा पनि उहाँसँग सोध्नुहोस्।

**तपाईंका उत्तरहरूको जाँच गर्नुहोस् . . .**

४. मन, भावनाहरू, इच्छा, शरीर।

# बधाइ!

तपाईंले यस पाठ्यपुस्तकलाई सिध्याउनुभएको छ। तपाईंको निम्ति यो अति नै लाभदायक भयो होला भन्ने आशा हामीले लिएका छौं। तपाईंको विद्यार्थी प्रतिवेदनको दोस्रो खण्डलाई पूरा गरी उत्तर पृष्ठका दुवै खण्डहरू प्राप्त गरेपछि यसलाई जाँची तपाईंलाई प्रमाणपत्र पठाउनेछौं।

# तपाईंका सहयोगी मित्र

## उत्तर पृष्ठ
## आई सी आई युनिभर्सिटी

विद्यार्थी क्रमसंख्याः ____________

*कृपया सफा तथा स्पष्ट अक्षरमा लेख्नुहोस्ः*

नामः श्री/ श्रीमती/ सुश्री ______________________
न.पा./ गा.वि.स. ______ वडा/ ब्लक नं. ____________
टोल/ गाउँ ________ पो.ब. _____ हुलाक ___________
जिल्ला _________ अञ्चल ____________________
उमेर _________ व्यवसाय ________ धर्म ___________
शैक्षिक योग्यता ______________ मिति ___________

### निर्देशनहरूः

- # यस पुस्तकलाई हाम्रो कार्यालयमा फेरि नफर्काउनुहोस्।
- # यस "उत्तर पृष्ठ"-लाई होशियारीसाथ पुस्तकबाट थुतेर निकाल्नुहोस्।
- # यस "उत्तर पृष्ठ" लाई मात्र पठाउनुहोस्।
- # यी प्रश्नहरूका उत्तर दिंदा तपाईंले पाठहरू दोहोऱ्याई-दोहोऱ्याई पढ्नुहोस्।

## तपाईंका सहयोगी मित्र खण्ड १: पाठ १-३

### ठीक वा बेठीक

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "ठी" र बेठीक उत्तरको अगाड़ि "बे" लेख्नुहोस्।*

___१. पवित्र आत्माले हामीलाई पवित्र बनाउन चाहनुहुन्छ।

___२. जस-जसले नयाँ जन्म पाएका छन् तिनीहरूमा ख्रीष्टका आत्मा हुनुहुन्छ।

___३. एकलेसियाहरू शुरू गर्नका निम्ति शुरूका एकलेसियाहरूलाई मात्र आत्माका वरदानहरू दिइएका थिए।

___४. हामीले थाहा नपाएको खाँचोको निम्ति प्रार्थना गर्न असम्भव छ।

___५ हामीले अन्य भाषामा प्रार्थना गर्न सकेपछि, समझसाथ प्रार्थना गर्न हाम्रा लागि महत्त्वपूर्ण छैन।

___६. पवित्र आत्मा प्रभाव मात्र नभएर व्यक्ति हुनुहुन्छ।

___७. प्रेम गर्न पवित्र आत्माले हामीलाई सिकाउनुहुन्छ।

### सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका प्रत्येक प्रश्नको एउटै मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।*

८. प्रेरित २:१-१३-ले हामीलाई के कुरा बताउँछ?

**क.** वरदानहरूका प्रयोगको निम्ति आवश्यक निर्देशनहरू।

**ख.** शुरूका पवित्र आत्मा खन्याउनुभएको विवरण।

**ग.** पवित्र आत्माका वरदानहरूको उद्देश्य।

९. ग्रीक शब्द प्याराक्लेन्टको अर्थ के हुन्छ?
  **क.** सहायता गर्नको निम्ति सँगसँगै उभिने व्यक्ति।
  **ख.** जीवन दिने व्यक्ति।
  **ग.** बुद्धि दिने व्यक्ति।

१०. ग्लोसेल्लियाको अर्थ के हो?
  **क.** अन्यभाषाहरूमा बोल्ने वा प्रार्थना गर्ने।
  **ख.** उद्धारको वरदान।
  **ग.** पानीमा बप्तिस्मा।

११. क्यारिस्माको अर्थ के हो?
  **क.** जीवन परिवर्तन।
  **ख.** मानवीय योग्यताहरू।
  **ग.** अलौकिक वरदानहरू।

१२. जीवनका आत्माले हामीलाई मृत्युबाट बौरिउठाउनुभएपछि हामीले
  **क.** कुनै पनि शरीर पाउँदैनौं।
  **ख.** कमजोरीबाट छुटकारा पाएको परिवर्तित शरीर पाउँछौं।
  **ग.** उही सीमितपनासहितको उही शरीर पाउँछौं।

१३. फिलिप्पी ४:६-ले हामीलाई के बताउँछ?
  **क.** हाम्रा पापहरूका बारेमा फिक्री।
  **ख.** सधैं अन्यभाषाहरूमा प्रार्थना।
  **ग.** हाम्रा आवश्यकताका निम्ति परमेश्वरमा बिन्ती।

१४. पवित्र आत्मा
  **क.** ले जिउनको निम्ति तपाईंलाई नयाँ उद्देश्य दिनुहुन्छ।
  **ख.** ले तपाईंको प्रेरणाहरूमा केही पनि प्रभाव पार्नुहुन्न।
  **ग.** ले तपाईंलाई मर्ने र स्वर्गमा जाने इच्छा राखिदिनुहुन्छ।

१५. हामी हाम्रो आराधनालाई कसरी अर्थपूर्ण बनाउन सक्छौं?
  **क.** विभिन्न थोकहरू मागेर धेरै समय बिताउँदा।
  **ख.** प्रत्येक दिन धेरै पल्ट उही प्रार्थनाहरू भनेर।
  **ग.** प्रभुको भजन गाई उहाँको प्रशंसा गरेर।

१६. भजनसंग्रह १४५-ले हामीलाई केको बारेमा बताउँछ?
- **क.** परमेश्वरको महानता।
- **ख.** प्रार्थनाको महत्त्वपूर्णता।
- **ग.** पवित्र आत्माको उद्देश्य।

१७. पवित्रताको अर्थ केबाट अलग हो?
- **क.** जीवनको सामान्य क्रियाकलापबाट।
- **ख.** अरू मानिसहरूबाट।
- **ग.** पापबाट अलग र परमेश्वरमा समर्पित।

१८. पवित्र आत्मा कसको महिमा गर्न आउनुहुन्छ?
- **क.** आफ्नै।
- **ख.** येशूको।
- **ग.** एकलेसियाको।

१९. रोमी ८:५-६-अनुसार आत्माले अधीन गरिएको मनले के ल्याउँछ?
- **क.** विश्वास।
- **ख.** जीवन र शान्ति।
- **ग.** आत्मिक वरदानहरू।

**सामान्य प्रश्नहरू**

पाठ १-३

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "छ" र बेठीक उत्तरको अगाड़ि "छैन" लेख्नुहोस्।*

___२०. के तपाईंले पाठ १-३-लाई ध्यानपूर्वक पढ्नुभएको छ?

___२१. के तपाईंले पाठ १-२-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

___२२. के तपाईंले पाठ ३-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२३. के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएका खण्डलाई प्रश्नहरूका जवाफ दिनुभएको छ? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

__२४. यस पुस्तकमा तपाईंलाई कण्ठ गर्नू भनिएका पदहरूलाई के तपाईंले कण्ठ गर्नुभएको छ?

## तपाईंका सहयोगी मित्र खण्ड २ः पाठ ४-६

### ठीक वा बेठीक प्रश्न

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "ठी" र बेठीक उत्तरको अगाड़ि "बे" लेख्नुहोस्।*

__१. मिलापमा एकैसाथ काम गर्नका लागि पवित्र आत्माको परिपूर्णताले सहयोग गर्छ।

__२. बुद्धिको वचन पास्टरलाई दिइएको छ।

__३. परमेश्वरको वचनको अनाज्ञाकारी हुनका निम्ति पवित्र आत्माले हामीलाई कहिल्यै अगुवाइ गर्नुहुन्न।

__४. पवित्र आत्माले सधैं सत्य बोल्नुहुन्छ।

__५. छानिएका कोही-कोहीमा मात्र परमेश्वरले आफ्नो आत्मा खन्याउनुहुन्छ।

__६. कुनै पनि व्यक्ति पवित्र आत्माले भरिएको हो भन्ने कुराको एक मात्र चिन्न अन्य भाषाहरूमा बोल्नु हो।

__७. सबै ख्रीष्टियानहरूसँग पवित्र आत्माका सबै वरदानहरू छन्।

## सामान्य प्रश्नहरू

पाठ ४-५

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "छ" र बेठीक उत्तरको अगाड़ि "छैन" लेख्नुहोस्।*

___२०. के तपाईंले पाठ ४-६-लाई ध्यानपूर्वक पढ्नुभएको छ?

___२१. के तपाईंले पाठ ४-५-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

___२२. के तपाईंले पाठ ६-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

___२३. के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएको खण्डका प्रश्नहरूका जवाफ दिनुभयो? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

___२४. यस पुस्तकमा तपाईंलाई कण्ठ गर्नू भनिएका पदहरूलाई के तपाईंले कण्ठ गर्नुभएको छ?

यस प्रश्न-पुस्तिकालाई भरिसकेपछि आई सी आई-को ठेगानामा हामीकहाँ पठाउनुहोस्। प्रभुले तपाईंको जीवनमा प्रशस्त आशिष् देऊन्।

# तपाईंका सहयोगी मित्र

के तपाईं जान्न चाहनुहुन्छ ....

- कसरी पवित्र आत्मा तपाईंका मित्र हुनुहुन्छ?
- किन कोही व्यक्तिहरू "अन्य भाषाहरूमा बोल्छन्"?
- को पवित्र आत्माले भरिन सक्छ?

यदि यसो हो भने, *तपाईंका सहयोगी मित्र* भनिने यो पुस्तक विशेष गरी तपाईंकै निम्ति लेखिएको हो। यी पाठहरू अध्ययन गर्दा हजारौं व्यक्तिहरूले आनन्द प्राप्त गरेका छन्। तिनीहरूका जीवन आत्मिक रूपमा वृद्धि भएका छन्। तपाईंको जीवन पनि यसरी नै वृद्धि हुनेछ भन्ने आशा हामीले लिएका छौं।

यस पुस्तकले स्वयम् अध्ययन प्रणालीलाई अपनाएको हुनाले यसबाट सिक्नलाई सजिलो पर्छ। यसमा उल्लेख गरिएका निर्देशनहरूलाई पालन गर्नुहोस् र अध्ययन गर्दैजाँदा आफूलाई पनि जाँच गर्नुहोस्।

यो चिन्ह अध्ययन क्रमको निम्ति सहायक हो। ख्रीष्टियान जीवन क्रमलाई तीन खण्डमा विभाजन गरिएको छ र प्रत्येक खण्डमा ६,६-वटा पुस्तकहरू राखिएका छन्। *तपाईंका सहयोगी मित्र* भनिने यो पुस्तक खण्ड १-को तेस्रो पाठ्यपुस्तक हो। यी पाठ्यपुस्तकहरूलाई क्रमबद्ध रूपमा अध्ययन गर्दा तपाईंले बढ़ी फाइदा उठाउन सक्नुहुनेछ।

I
3

1994 1st

मुद्रक : आर. के. प्रिन्टर्स, फोन नं. : २३०००९